मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक २३५ • २०८२ साल असार २४ गते मंगलबार • Tuesday 08, July 2025 • सूर्योदय: बिहान ५:१५ बजे • सूर्यास्त: साँझ ७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## अन्सारीसँगै धरौटी माग

**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली नोट कारोबारको आरोपमा छुट्नेबित्तिकै सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पक्राउ परेका युनुस अन्सारीलाई अदालतले धरौटीमा छाड्न आदेश दिएको छ ।
जिल्ला अदालत, काठमाडौँका न्यायाधीश बलराम लम्सालको इजलासले उनलाई १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएका हुन् । अन्सारीविरुद्ध अनुसन्धान सकेर प्रहरीले शुक्रबार मात्र रायसहितको अनुसन्धान प्रतिवेदन पेश गरेको थियो । अन्सारीविरुद्ध ९ करोड ९ लाख ५३ हजार ७ सय ९ रुपैयाँ बिगो कायम गर्दै मुद्दा दायर गरिएको थियो । अन्सारी १० जेठमा सजाय भुक्तान गरेर ललितपुरको नक्खु कारागारबाट छुटेका थिए । त्यसलगत्तै फेरि पक्राउ गरेपछि उनले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन समेत दिएका थिए ।

# मधेशमा पानीको समस्या जटिल बन्दै

- मधेशमा अहिलेसम्म २५ प्रतिशतमात्र रोपाइँ
- चार सय ५० फिट खन्दा पनि पानी आउँदैन
- सिँचाइमा ध्यान नदिए देशमै अनिकाल देखिने
- वीरगंज भन्सारमा मल सड्दै, किसानले पाएनन्

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधि सभाको सोमबारको बैठकमा मधेशमा पानीको समस्या जटिल बनिरहेको विषयमा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन् । सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका शीर्षनेताहरु जनकपुरमा एकअर्काविरुद्ध दिनदिनै पत्रकार सम्मेलन गरेर आलोचना गरिरहँदा मधेशकै गम्भीर विषयमा प्रतिनिधि सभाका केही सांसदले विषयबस्तु उठान गरेका हुन् ।
धनुषा २ बाट प्रतिनिधिसभा सदस्य रामकृष्ण यादवले तराई मधेशमा खानेपानी र सिँचाइको समस्या जटिल बन्दै गएकातर्फ सरकारको ध्यानाकर्षण गराए । प्रतिनिधिसभाको विशेष समयमा उनले सिँचाइको व्यवस्था नहुँदा आकाशेपानीको भर पर्नुपरेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् । सांसद यादवले तराई मधेश अन्नको भण्डार भएको उल्लेख गर्दै स्यालो ट्युबेल, पम्पिङ सेट, सिँचाइका मर्मतसम्भार, नदी नाला र बाँध बाध्ने व्यवस्थाका लागि आग्रह गरे ।



सांसद यादवले तराईका कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध नहुँदा कृषि उत्पादकत्व र उत्पादनमा असर गरिरहेको भन्दै ध्यानाकर्षण गराए । 'असार महिना सकिनलाग्दासमेत तराई मधेशमा २५ प्रतिशतमात्र रोपाइँ भएको छ ।
सिँचाइमा ध्यान नदिए अन्नको हाहाकार हुनसक्छ,' उनले भने, 'खानेपानीको पनि धेरै समस्या छ । दुई सय ५० फिटसम्म गहिराइबाट पानी तान्नुपर्ने अवस्था छ । कतिपय ठाउँमा चार सय ५० फिटसम्म खन्दा पनि पानी आउन छाडेको छ ।'
विशेष समयमै सांसद योगेन्द्र मण्डलले रासायनिक मलको वितरणबारे सभामुखमार्फत सरकारको ध्यानाकर्षण ग राए । उनले वीरगंजको भन्सार र तातोपानी भन्सारमा मल खेर गएको भन्दै त्यसबारे छानबिन गर्न माग गरे ।

### वीरगंज महानगरमै पानी अभाव

आर्थिक राजधानी भनेर चिनिएको पर्साको वीरगंज महानगरपालिकामै पानीको अभाव भएको छ । असार सकिनै लाग्दा पनि पानीको अभाव कायमै देखिएको हो । सर्वसाधारण यसबाट सबैभन्दा बढी प्रभावित भएका छन् । पत्रकार शम्भु कुमार सुमनले लगातार पछिल्लो चार दिनदेखि वीरगंजमै पानीको हाहाकार भएको भन्दै तीनै तहका सरकारको ध्यानाकर्षण गराइरहेका छन् । उनले सामाजिक सञ्जाल मेटामा लेखेका छन्, 'न खाने पानी छ, न नुहाउने पानी छ । वीरगंजको श्रीपुर नयाँ बस्तीमा कसरी बस्ने ? धेरै गाह्रो छ ।'
वीरगंज महानगरमै पानीको हाहाकार भएको विषय सुमनले लगातार उठाइरहेका छन् । उनले तीन दिन अघि पनि मेटामा लेखेका थिए, 'वीरगंजमा पानीको समस्या भयावह बन्दै, तीनै तहको सरकारको ध्यान पुगोस् ।' वीरगंज महानगरमा पिउन र नुहाउन पुग्ने पानी वितरण श्रीपुरमै नभएको अवस्था दर्शाएका हुन् । अन्य स्थानमा पनि पानीको समस्या बढ्दै गएको छ ।

### पानी नपर्दा रोपाइँ हुन सकेन

आकाशे पानीको भरमा खेती गर्दै आएका पर्साको उत्तरी क्षेत्रका किसान असार सकिन लाग्दा पनि पानी नपरेपछि चिन्तित भएका छन् । आकाशे तथा भलछोपुवा पानीको भरमा धान खेती गरिने पर्साको अधिकांश क्षेत्रमा खडेरीको मारले खेतहरू बाँझै रहेका छन् ।
सखुवाप्रसौनी गाउँपालिका बडा नम्बर–५ का किसान विश्वनाथ यादवले १७ दिनदेखि पानी नपर्दा धान रोप्नका लागि छरिएको बिउ ब्याडमै मर्न थालेको बताए । असार महिनाभित्र पानी नपरे यो वर्ष धान खेती नै नहुने सम्भावना रहेको उनले
बताए । खडेरीका कारण नदी, कुलो र धाराहरू सुकिसकेका छन् ।
सिँचाइको अभावमा बिउमा पानी हाल्न नसक्दा किसानहरूले ठूलो नोक्सानी बेहोरिरहेका छन् । गण्डक नहरमा पानी उपलब्ध भएकाले नहरको दक्षिणी क्षेत्रका किसानलाई समस्या नभए पनि नहरको उत्तरी क्षेत्रमा आकाशे पानी, बोरिङ, कुलो र बाँधको भरमा खेती हुँदै आएको छ । लामो खडेरीले कुलो, बाँध र बोरिङहरू सुकेपछि किसानहरूको वर्षभरिको मेहनत खेर जाने अवस्थामा पुगेको छ ।
किसानहरूले समयमा मलखाद नपाउने र खेतमा बोरिङ जडान नहुनुले समस्या झनै जटिल बनेको छ । सखुवाप्रसौनीका किसान रामगुलाम यादवले वर्षभरको मेहनत धान खेतीमा लगाउने तर पानी नपर्दा र सिँचाइको व्यवस्था नहुँदा सबै मेहनत खेर जाने गरेको बताए । किसानहरूले प्रत्येक वर्ष खडेरी र सिँचाइ अभावको समस्या भोग्दै आएका छन् । आकाशे पानीमा निर्भर रहने किसानहरूका लागि समयमा सिँचाइको व्यवस्थापन नहुँदा खेतीमा ठूलो जोखिम बढेको छ ।

## पक्राउको हल्लापछि साह प्रहरीमा हाजिर





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह निवेदनसहित प्रहरी कार्यालय धनुषा पुगेका छन् । आफूविरुद्ध पक्राउ पूर्जी जारी भएको खबर गाउँघरमा चलेपछि प्रहरीमा हाजिर हुन पुगेका साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।
साहलाई किर्ते हस्ताक्षरलगायतका उजुरीका आधारमा पुराना प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाका पालामा पक्राउ पूर्जी जारी भएको प्रहरीको भनाइ छ । अहिले धनुषामा प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक बदलिएका छन् ।
'वास्तविकता पछि भन्दै गरौँला, वृहत्तर जनकपुरमा भ्रष्ट कर्मचारी र बेथितिविरुद्ध लाग्दा आफैँ पक्राउ पूर्जीको सिकार भएको छु, प्रहरीमा आफैँ निवेदनसहित हाजिर भएको छु,' साहले भने, 'झुट्टा आरोप र मुद्दाको प्रतिवाद गर्नेछु, प्रहरीमा हाजिर भएको छु ।'

## प्रदेश सभा बैठक बस्दै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको पाँचौ अधिवेशनको १४ औँ बैठक आज मंगलबार एक बजे बस्ने भएको छ । सभामा बजेटको आय व्ययबारेको छलफल भए पनि प्रदेश सभा सदस्यहरुले बजेटमाथि छलफल र बजेट पुनर्लेखन नहुँदासम्म बैठक चल्न नदिने बताए । बहसक्रममा सदस्यहरूबाट कडा विरोध र गतिरोध सिर्जना भएपछि सभामुख रामचन्द्र मण्डलले सभालाई मंगलबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरेका हुन् । बजेटमाथिको छलफलका क्रममा सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सदस्यहरूले बजेटलाई 'असमान' भन्दै 'बिचौलिया'को प्रभाव रहेको आरोप लगाउँदै निरन्तर विरोध जनाएका छन् । उनीहरूले बजेटको निष्पक्षता र पारदर्शिताबारे गम्भीर चिन्ता व्यक्त गर्दै यसलाई पूर्णरूपमा पुनर्लेखन गर्न वा महत्त्वपूर्ण रूपमा संशोधन गर्नुपर्ने माग दोहोऱ्याए । विशेषगरी, विनियोजनमा देखिएको असन्तुलन मुख्य विवादको विषय बनेको छ । नीतिगत प्राथमिकता, जस्तै कृषि, भन्दा भौतिक पूर्वाधार तथा निर्माणमा बजेटको ठूलो हिस्सा विनियोजन गरिएकामा सदस्यहरूले प्रश्न उठाएका हुन् ।

## शिक्षकबाटै यौन दुर्व्यवहार भएपछि आन्दोलन

**मधेशदृष्टि**
**सिरहा ।**
शिक्षककै यौन दुर्व्यवहार सहन नसकेपछि सिरहाका अभिभावक आक्रोशित बनेका छन् ।
गोलबजार नगरपालिका–७ स्थित जनता नमूना माध्यमिक विद्यालयमा सोमबार अभिभावकले प्रदर्शन गर्दै विद्यालय परिसरमा ढुंगामुढा गरेका छन् ।
विद्यालयका शिक्षक हरि श्रेष्ठले कक्षा ५ मा अध्ययनरत १३ वर्षीया दलित छात्रासहित कैयौँ छात्रामाथि यौन दुर्व्यवहार गर्दै आएको विद्यार्थी र अभिभावकको आरोप छ । शुरुमा पीडित छात्राले विद्यालयकै एक शिक्षिकालाई गुनासो गरेकी थिइन् । तर, सुनुवाइ नभएपछि आइतबार पीडितकी आमा आफैँ विद्यालय पुगेर प्रधानाध्यापक ब्रम्हदेव सिंह र अन्य शिक्षकलाई घटनाबारे जानकारी गराएकी थिइन् । त्यसपछि विद्यालयमा गाइँगुइँ चलेपछि थप छात्राले पनि आफूहरू यौन दुर्व्यवहारको सिकार बनेको बताए ।
विद्यार्थीहरूका अनुसार शिक्षक श्रेष्ठले अश्लील कुरा गर्ने, शारीरिक रूपमा गोप्य अंगमा छोइदिने जस्ता दुर्व्यवहार गर्दै आएका छन् ।
'लाज र डरले खुलेर भन्न सकेनौँ, तर श्रेष्ठ सरको चालचलन राम्रो छैन भनेर पटकपटक भनेका थियौँ,' एक छात्राले भनिन् । यस्ता दुर्व्यवहारबाट कम्तीमा १० जना भन्दा बढी छात्रा पीडित भएको अभिभावकको दाबी छ ।
शिक्षक श्रेष्ठ एमाले स्थायी समिति सदस्य तथा सांसद लीलानाथ श्रेष्ठका नातामा मामा पर्ने भएको र त्यसकै आडमा उनीमाथि कारबाही हुन नसकेको अभिभावक बताउँछन् ।
सिरहाका प्रहरी प्रमुख एसपी अनन्तराम शर्माले यौन दुर्व्यवहारको आरोपमा परेका चार जना छात्राको स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको र त्यसकै आधारमा कानूनी प्रक्रिया अघि बढाइने बताए ।

## शिकारीबासमा फोन गर्न रुख चढ्नुपर्ने !

**मधेशदृष्टि**
**वीरगंज ।**
विकट गाउँका रुपमा परिचत पर्साको ठोरी गाउँपालिका–३ शिकारीबासका करिब ७० घरधुरी अझै टेलिफोन र इन्टरनेट सेवाबाट वञ्चित छन् । ठोरीको हुलाकी सडकबाट करिब छ किलोमिटर भित्री भागमा पर्ने शिकारीबासका सर्वसाधारण टेलिफोन र इन्टरनेट सेवाबाट वञ्चित भएको स्थानीय भरत महतो थारुले गुनासो गरे ।
टेलिफोनको टावर नटिप्दा फोन सम्पर्क गर्न नसकिने उनले बताए । 'यहाँ फोन नटिप्ने पुरानै समस्या हो,' उनले भने, 'टेलिफोनजस्तो अत्यावश्यक सेवाबाट वञ्चित हुनुपरेको छ ।' मोबाइलमा टावर उपलब्ध गराउन रुख चढ्नुपर्ने बाध्यता रहेको उनको गुनासो छ ।
प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले शिकारीबासमा टेलिफोन र इन्टरनेट सेवाको आवश्यक प्रबन्ध मिलाउन नेपाल टेलिकम प्रादेशिक कार्यालय वीरगंजलाई निर्देशन दिएका छन् । 'अबको डेढ महिनाभित्र आवश्यक संरचना तयार पारेर टेलिफोनजस्तो अत्यावश्यक सेवा सुचारु गर्नेतर्फ आवश्यक गृहकार्य गर्नुहोस्,' उनले भने, 'प्रशासनको तर्फबाट गर्नुपर्ने सबै खालको सहयोग गरिनेछ ।'
नेपाल टेलिकम प्रादेशिक निर्देशनालयका निर्देशक कृष्णप्रसाद भण्डारीले ठोरीको टेलिकम टावरको क्षमता अभिवृद्धिदेखि फाइबरमार्फत शिकारीबासमा नेटवर्कको समस्या समाधान गर्ने प्रतिवद्धता जनाए । 'जङ्गलको मध्यभागको बस्ती भएकाले नेटवर्कको समस्या देखिएको हो,' उनले भने, 'अत्यावश्यक उपकरण जडान गरेर फोन र इन्टरनेट उपलब्ध गराउने प्रयास गर्नेछौँ ।'



# खानेपानीको माग गर्दै सुकुम्बासीले गरे आन्दोलनको घोषणा

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) निकटको आम सुकुम्बासी तथा अव्यवस्थित बसोबास संघले खानेपानीको माग गर्दै बुधबारदेखी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) घेराउ गर्दैछ । संघको सोमबार बसेको बैठकले खानेपानी लिमिटेडको कार्यालय घेरा उगर्दै धर्ना दिने निर्णय गरेको हो । खानेपानीको माग गर्दै सुकुम्बासी संघले खानेपानी कार्यालयमा ध्यानाकर्षण पत्रको कुनै सुनुवाई नभएपछि अब सो कार्यालयमा अनिश्चितकालिन धर्ना तथा विरोधका कार्यक्रम गर्ने निर्णय भएको हो । 'आजको २१औं शताब्दिमा आफ्नै देशका नागरिकलाई खानेपानीको हकबाट वञ्चित गर्ने मानवता विरोधी कार्य विरुद्ध यही असार २५ गतेदेखि उपत्यका खानेपानी लिमिटेडमा अनिश्चितकालिन धर्ना तथा विरोधको कार्यक्रम गर्ने निर्णय भएको छ,' संघको बैठकले गरेको निर्णयमा उल्लेख गरिएको छ । सुकुम्बासी बस्तीमा खानेपानी उपलब्ध गराउन गत जेठ २६ गते काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई ज्ञापनपत्र बुझाए पनि अहिलेसम्म कुनै किसिमको सुनुवाई नभएपछि बाध्य भएर आफूहरु आन्दोलनमा उत्रिन बाध्य भएको सुकुम्बासी संघका अध्यक्ष कालबहादुर विकले जनाएका छन् । खानेपानी कार्यालयमा अनिश्चितकालिन धर्ना तथा विरोधका कार्यक्रम गर्नका लागि संघले कालबहादुर विकको संयोजकत्वमा आन्दोलन परिचालन एवम् संघर्ष समिति गठन गरेको छ । समितिको सचिवालय सदस्यहरुमा अमर लिम्बु, एमडी सतार, बिन्दा कोटल, रन्जु कुमारी शाह, उपेन्द्र शाह, देवेन्द्र ठाकुर, देव कुमारी साह र सुरेश शाह रहेका छन् । यस्तै, समितिको सदस्यहरुमा सीमा जयसवाल भाईकाजी सापकोटा, मिनादेवी शाह, आर्या पाण्डे, बिरवला यादव, योगेन्द्र साह, रामनारायण शाह, इन्द्र शाह, उमेश शाह, रामकिशोर, चन्द्रिका शाह, दिनकर शाह, लखिन्द्र शाह, रामसुन्दर शाह, शान्ता थापा मगर, विकास श्रेष्ठ, हरि सुवेदी, लक्ष्मी बुढाथोकी, मीना तामाङ, अमर बर्दिवा, सुनिता परिवार, महेश चौधरी, किष्ण सापकोटा, प्रतिक्षा चौधरी, धिरेन्द्र चौधरी र श्याम तामाङ लगायतका रहेका छन् । 'हामी सुकुम्बासीहरु एक होऔं, सुकुम्बासी बस्तीमा खानेपानीको व्यवस्था गर, भूमिहिन सुकुम्बासीहरुलाई लालपूर्जाको व्यवस्था गर, विभेदकारी विद्युत महसुल दर खारेज गर, जातिय छुवाछुत तथा भेदभाव अन्त्य गर, गरिब दलितलाई आवासको व्यवस्था गर, आम सुकुम्बासी संघर्ष समिति – जिन्दावाद, आम जनता जिन्दावाद,' लगायतका नारा बैठकले तय गरेको छ । यस्तै सुकुम्बासीहरुसंग विद्युत प्राधिकरणले लिइरहेको विभेदपूर्ण महसुल दरको विरुद्ध सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदै विरोधको कार्यक्रमहरू अघि बढाउने निर्णय पनि बैठकले गरेको छ । यसका साथै भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई समयमै जग्गा धनी दर्ता प्रमाण (लाल पूर्जा) उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउने निर्णय समेत गरेको छ ।

# रास्वपाको हस्ताक्षर अभियानमा पूर्व मुख्य न्यायाधिवक्ता झाको ऐक्यबद्धता



**मधेशदृष्टि**
**काठमाडौं ।**
मधेश प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता तथा कानुनीविद् दीपेन्द्र झाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सञ्चालन गरेको हस्ताक्षर अभियानमा ऐक्यबद्धता जनाएका छन् ।
रास्वपा सभापति रवि लामिछानेविरुद्ध राजनीतिक प्रतिशोध स्वरूप मुद्दा लगाइएको दाबी गर्दै रास्वपाले असार ७ गतेदेखि देशव्यापी हस्ताक्षर अभियान सञ्चालन गरिरहेको छ । यही अभियानअन्तर्गत काठमाडौं महानगरपालिका–३२ मा आयोजित कार्यक्रममा पुगेका झाले हस्ताक्षर गर्दै अभियानलाई समर्थन जनाएका हुन् । झालाई कार्यक्रममा उपस्थित सांसद सोबिता गौतमले अभियानप्रति धारणा मागेकी थिइन् । जवाफमा उनले लामिछानेको कुनै सहकारीमा सदस्यता वा ऋण संलग्नता नभएको उल्लेख गर्दै राजनीतिक प्रतिशोध स्वरूप कानुनी दुरुपयोग गरिएको धारणा राखे । झा लामिछानेसम्बन्धी मुद्दामा कानुनी सहयोग प्रदान गरिरहेका अधिवक्तामध्ये एक हुन् । 'जसरी उहाँलाई विभिन्न बहानामा मुद्दा लगाई थुनामा राख्ने प्रयास भइरहेको छ, त्यो राजनीतिक प्रतिशोधबाहेक अरू केही होइन,' उनले भने, 'पार्टीले बोकेको आवाज दबाउनकै लागि यस्तो गरिँदैछ भन्ने मेरो बुझाइ हो ।' यसअघि पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, विभिन्न क्षेत्रका कलाकार तथा नागरिक समाजका प्रतिनिधिहरूले पनि रास्वपाको अभियानमा ऐक्यबद्धता जनाएका छन् । रास्वपाले अभियानमा देशभरबाट उल्लेखनीय समर्थन मिलेको दाबी गर्दै न्यायिक प्रक्रिया निष्पक्ष बनाउन आम नागरिकको दबाब आवश्यक रहेको जनाएको छ ।

# तीनदिने प्रदेश स्तरीय विद्यार्थी प्रतिभा पहिचान तालिम सम्पन्न

**राजिव साह**
**सर्लाही ।**
मधेश प्रदेश सरकारअन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयको सहयोगमा सञ्चालित तीनदिने प्रदेश स्तरीय विद्यार्थी प्रतिभा पहिचान सम्बन्धी तालिम सोमबार सम्पन्न भएको छ । तालिम होटल सीता प्यालेसमा शनिबारदेखि सोमबारसम्म सुनौलो भविष्य युवा संस्था नेपाल, ब्रम्हपुरी गाउँपालिका–६, नोकैल्वाको आयोजनामा गरिएको थियो ।



प्रदेशभरिका ८ जिल्लाका १० विद्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रम संस्थाका अध्यक्ष सुरेन्द्र प्रसाद यादवको अध्यक्षतामा समापन गरिएको हो । समापन समारोहमा संयोजक राम कैलाश यादव, जनकपुरका शिक्षा अभियन्ता राम नारायण पण्डित, सुन्दरपुर सर्लाहीका रविन्द्र पण्डित, ब्रह्मपुरीस्थित जलधार कमलदेव नमुना माविकी प्रधानाध्यापक विनिता कुमारी साह, हरिपूर्वाकी रञ्जु कुमारी यादव लगायत शिक्षक, विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम अन्तर्गत आयोजित हाजिरीजवाफ प्रतियोगितामा जलधार कमलदेव नमुना माध्यमिक विद्यालय प्रथम भएको छ । विजेता विद्यालयलाई नगद १० हजार रुपैयाँ, सिल्ड तथा प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ ।
दोस्रो स्थान रौतहटका एक सामुदायिक विद्यालयले हासिल गर्दै नगद ७ हजार रुपैयाँ सहित सिल्ड र प्रमाणपत्र प्राप्त गर्यो भने तेस्रो स्थान जनकपुरधामस्थित एक संस्थागत विद्यालयले नगद ५ हजार रुपैयाँसहित सिल्ड र प्रमाणपत्र प्राप्त गरेको हो । जलधार कमलदेव नमुना माविकी प्रधानाध्यापक विनिता कुमारी साहले यस्तो कार्यक्रमले विद्यार्थीहरूको क्षमता उजागर गर्न मद्दत गरेको प्रतिक्रिया दिइन् ।
संस्थाका अध्यक्ष यादवका अनुसार, शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीहरूको प्रतिभा पहिचान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमको सञ्चालन शिक्षक उमेश दाहालले गरेका थिए ।

# लागुऔषधसहित दुई जना पक्राउ




**मधेशदृष्टि**
**सप्तरी ।**
भारतीय बजारबाट लुकाई छिपाई लागुऔषध ल्याउँदै गरेका दुई जना पक्राउ परेका छन् । सोमवार भारतीय सिमासँग जोडिएको सप्तरीको बलान बिहुल गाउँपालिका–२ स्थित बलान पुल क्षेत्रबाट लागुऔषधसहित दुई जना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा उदयपुर त्रियुगा नगरपालिका–११ बस्ने २५ वर्षीय लक्ष्मण मलाह र २४ वर्षीय राजेश निरौला छन् । उनीहरुको साथबाट प्रहरीले डाइजेपाम इन्जेक्सन र फेनरागन इन्जेक्सन ८६र८६ थान तथा बुप्रेनोफिन इन्वेक्सन ८८ थान बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए । पक्राउ परेकाहरुलाई लागुऔषध मुद्दामा सोमवार नै सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जनकपुरधाममा तीन महिने निःशुल्क सिलाई–कटाई तालिम शुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा जनकपुरधाममा महिलाहरूका लागि तीन महिने निःशुल्क सिलाई–कटाई तालिम शुरु भएको छ । महिला सीप विकास र आत्मनिर्भरता अभिवृद्धिको लक्ष्यसहित शुरु गरिएको तालिमको आइतबार उद्घाटन गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि जनकपुरधामका पूर्व नगरप्रमुख लालकिशोर साह थिए ।



विशिष्ट अतिथिको रूपमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका मधेश प्रदेश प्रमुख विष्णु पराजुली, जसपा नेपालका नेता राजेन्द्र प्रसाद यादव, रामपुकार यादव, प्राध्यापक रन्धिर झा, छठ पूजा समिति अध्यक्ष हरिनारायण गुप्ता, पत्रकार मिश्रिलाल मधुकार, भूपू वडा सदस्य शुभ ढुंगाना, विन्दा देवी, रामसुमारी देवी र मधुमाला पजियारलगायतकाहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष रामचन्द्र पजियारले गरेका थिए । तालिममा जनकपुरधाम उपमहानगरपालिका–२, ३, ५, ८, ११ र १२ वडाका ६० जना महिला सहभागी छन् ।
आयोजकका अनुसार तालिमपछि सहभागी महिलाहरूलाई रोजगारसँग जोड्ने तयारी समेत गरिएको छ । उक्त अवसरमा जनकपुरधाम–८ का छात्र कृष्णा साहलाई एसईई परीक्षामा उत्कृष्ट अंक ल्याएकोमा सम्मान गरिएको थियो । साथै, भारतको दिल्लीमा सिए अध्ययनरत दिदिबहिनी एलिसा र एलिनालाई पनि प्रोत्साहनस्वरूप सम्मान गरिएको संस्थाले जनाएको छ । कार्यक्रममा वक्ताहरूले महिलालाई सीपयुक्त बनाउँदै उनीहरूलाई आत्मनिर्भर बनाउन यस्ता तालिमहरू उपयोगी हुने बताएका थिए ।

# देशभरका सरकारी र निजी अस्पतालमा आकस्मिकबाहेकका सेवा ठप्प

**मधेशदृष्टि**
**वीरगंज ।**
उपभोक्ता अदालतको फैसलाविरुद्ध नेपाल चिकित्सक संघले गरेको आह्वानमा वीरगंजसहित देशभरका सरकारी र निजी अस्पतालमा आकस्मिकबाहेकका सेवा ठप्प भएका छन् । सोमबार बिहानैदेखि चिकित्सकहरू आन्दोलित भएपछि वीरगंजस्थित नारायणी अस्पताल र सबै निजी अस्पतालहरूमा नियमित सेवा बन्द हुँदा उपचारका लागि अस्पताल गएका बिरामीहरू विना उपचार फर्कन बाध्य भएका छन् । नेपाल चिकित्सक संघले जारी गरेको आन्दोलनको मुख्य कारण उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा दिएको निर्णय हो । नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप गरेको छ । विभिन्न अस्पताल र चिकित्सकहरूलाई क्षतिपूर्ति तिर्न आदेश दिइएको फैसलाको विरोधमा संघले चरणबद्ध आन्दोलन शुरु गरेको हो । त्यसै क्रममा संघका महासचिवलाई अदालतले अवहेलना मुद्दामा कारण देखाऊ आदेशसमेत दिएको छ । वीरगंजस्थित नारायणी अस्पतालका एक अधिकारीका अनुसार, 'अस्पतालको सम्पूर्ण ओपीडी सेवा पूर्णरूपमा बन्द छ । आकस्मिकबाहेक सबै सेवा प्रभावित भएका छन् ।' संघले मंगलबारको कार्यक्रमअन्तर्गत चिकित्सकहरू आफूसँग भएको काउन्सिल प्रमाणपत्र नेपाल मेडिकल काउन्सिलमै बुझाउने तयारी गरेको जनाएको छ । आन्दोलनमा नेपाल डेन्टल एसोसिएसन, नर्सिङ एसोसिएसन, फिजियोथेरापी एसोसिएसन, भेटेरिनरी एसोसिएसन, अफिन, एपोन, केमसन लगायत विभिन्न संघसंस्थाहरूको ऐक्यबद्धता रहेको छ । वीरगंजमा मात्र नभई मधेश प्रदेशका अधिकांश जिल्लामा समेत उपचार सेवा प्रभावित बनेको छ । बिरामी र उनका आफन्तले 'राजनीतिक दबाबमा न्यायिक हस्तक्षेप हुँदा सर्वसाधारणको उपचार अधिकार खोसिएको' भन्दै गुनासो गरेका छन् ।

# कोशी पश्चिमी सिँचाइ नहरमा शव फेला



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर–१ कोशी ब्यारेजस्थित कोशी पश्चिमी सिँचाइ नहरमा एक पुरुषको शव फेला परेको छ ।
आइतबार साँझ पहिचान खुल्न नसकेका अन्दाजी ५५ वर्षीय एक पुरुषको शव फेला परेको हो । कोशी पश्चिमी सिँचाइ नहरमा फलामको ढोकामा अडकेको अवस्थामा ती पुरुषको शव फेला परेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए । इलाका प्रहरी कार्यालय भारदहबाट खटिएको प्रहरी टोलीले शव बाहिर निकाली आवश्यक प्रक्रिया गरी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए । मृतकको सनाखतका लागि सबै प्रहरी निकायमा हुलिया विवरण पठाई निजको पहिचानको प्रयास भइरहेको उनले बताए । मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा पठाइ घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ट्रक चालक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका–२२ मा सञ्चालित ग्यारेज पछाडि तेलजन्य पदार्थको अवैध कारोबार भइरहेको सूचनाका आधारमा प्रहरीले कारबाही गर्दै एक ट्रक चालकलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सिमराको टोलीले आइतबार जीतपुरसिमरा–१२ फत्तेपुरका २१ वर्षीय सुवास चौधरीलाई पक्राउ गरेको हो । उक्त ग्यारेज जीतपुरसिमरा–२२ स्थित विष्णुराज ठकुरीको जग्गामा सुरेश आलेद्वारा सञ्चालित रहेको खुलेको छ । ट्यांकरबाट चोरी गरी ल्याइएको तेल ना.१ क. २८३६ नम्बरको मिनि ट्रकमा लोड गरिरहेको अवस्थामा चौधरीलाई नियन्त्रणमा लिइएको हो । प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीको नेतृत्वमा खटिएको टोलीले घटनास्थलबाट ५ हजार ७ सय ९५ लिटर वनस्पतिजन्य तेलजस्तो देखिने अखाद्य पदार्थ, १ हजार लिटर पेट्रोल, ६ सय लिटर डिजेल र ६ सय लिटर मट्टितेल बरामद गरेको जनाएको छ ।
उक्त पदार्थहरू ड्रम र ग्यालेनमा भरिएको अवस्थामा फेला परेको हो । पेट्रोल, डिजल र मट्टितेलको पहिचान भएपनि वनस्पतिजन्य तेलजस्तो देखिने पदार्थको परीक्षण गरिने तयारी प्रहरीको छ । प्रारम्भिक अनुसन्धान अनुसार चालक चौधरीले आफूलाई सवारीधनीले तेल लोड गर्न पठाएको बयान दिएका छन् । अब प्रहरीले सवारीधनी र सम्भावित गिरोहका अन्य सदस्यहरूको खोजी तीव्र बनाएको छ । ग्यारेजको आवरणमा लामो समयदेखि यस्तो गोप्य कारोबार हुँदै आएको हुनसक्ने आशंकामा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# ऐतिहासिक परिवर्तनमा आदिवासी जनजातीको योगदान महत्वपूर्णः मन्त्री लेखी

**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले मुलुकमा आएको ऐतिहासिक परवर्तनमा आदिवासी जनजातीको पनि महत्वपूर्ण योगदान रहेको बताएका छन् । राष्ट्रिय स्वावलम्बन विकास समाज कञ्चनरुपद्वारा सप्तरीको कञ्चनरुप नगरपालिका–८ मा सोमबार आयोजित प्रदेशस्तरीय आदिवासी जनजाति सम्मेलनको उदघाट्न गर्दै मन्त्री लेखीले सो कुरा बताएका हुन् ।



मन्त्री लेखीले आदिवासी जनजाति, थारु, मधेश विद्रोहसहितका पहिचान र अधिकार प्राप्तिको आन्दोलनले देशमा नयाँ शासन व्यवस्था आएको भन्दै यस्तो उपलब्धिलाई सबै मिलेर रक्षा गर्नुपर्नेमा जोड समेत दिए । देशमा संघीयताको पहिलो आवाज उठाउने जाति आदिवासी समुदाय भएको दावी गर्दै उनले विभिन्न पार्टी तथा व्यक्तिले वर्तमान व्यवस्था परिवर्तनको श्रेय लिने प्रयास गरिरहेको बताए । 'देशमा संघीयता आफै आएको होइन, यसमा आदिवासी जनजाति मधेसी, मुस्लिम दलित, महिलाको ठुलो योगदान छ,' उनले भने, 'संघीयता समावेशीता, समानता र समता मुलक समाज, स्वायत्तताको आवाज आदिवासी अगुवाहरुले २००९ सालमै उठाएको थियो । २०६२र६३ को आन्दोलनले मात्र देशमा संघीयता आएको होइन ।' उनले आफुले लडेर ल्याएको व्यवस्थालाई अधिकार सम्पन्न बनाउन अझै संघर्ष गर्नुको विकल्प नरहेको बताए । 'हालको शासन व्यवस्था उत्पीडित, अपेक्षित समुदायकै लागि हो,' मन्त्री लेखीले भने, 'आदिवासी जनजाति आन्दोलन समानताको आन्दोलन हो ।
स्थानीय, प्रदेश सरकार स्वायत्त छ की छैन त्यो खबरदारी पनि गर्नु जरुरी छ ।' हामीले पाएको अधिकार अझै प्रयाप्त नभएको जिकिर गर्दै उनले सम्मेलनले आदिवासी जनजातिको हकअधिकार सुनिश्चितताको लागि टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले जनतामा फेरि एकात्मक केन्द्रिकृत मानसिकता लाद्ने प्रयास गरिए महंगो हुने चेतावनी समेत दिए । आयोजक समितिका अध्यक्ष माधव चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्व राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, कञ्चनरुप नगरपालिकाका मेयर ललन प्रसाद गुप्ता, एमाले केन्द्रीय सदस्य दिवाकर देवकोटा, कञ्चनरुप नगरपालिकाका पूर्वमेयर वसन्त कुमार मिश्र, अग्नीसाइर कृष्णासवरन गाउँपालिकाकी पूर्व उपाध्यक्ष मिना चौधरी, नेवाः देयः दबूका केन्द्रीय सदस्य दक्ष नारायण श्रेष्ठ, आदिवासी जनजाति पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष प्रिया सिंह थारु, महासचिव बृजमान तामाङ, नेपाल मगर संघ मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष कारिमान मगर, आदिवासी अनुसन्धानकर्ता अधिवक्ता सुकदेव चौधरी, सरिता चौधरी, सम्झना राना लगायतकाले शुभकामना दिएका थिए । सम्मेलनले आदिवासी जनजातिको मौलिक परम्परा, संस्कृति संरक्षण प्रबद्र्धन तथा समतामुलक समाज निर्माणसहितका १३ बुँदे कञ्चनरुप घोषणा पत्र समेत जारी गरेको छ ।

# रेलको ठक्करबाट एकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर–जयनगर रेलमार्गमा सोमवार बिहान भएको दुर्घटनामा एक व्यक्तिको मृत्यु भएको छ । देउरी परवाहा रेल स्टेशन नजिकै रेल्वे ट्र्याकमा हिँडिरहेका ती व्यक्तिलाई रेलले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको हो ।
घटना बिहान करिब ९:४० बजे जनकपुरतर्फ जाँदै गरेको नेपाल रेल्वे सञ्चालनको रेलको ठक्करबाट भएको प्रहरीले जनाएको छ ।
प्रारम्भिक अनुसन्धानअनुसार मृतक कानमा ईयरफोन लगाएर रेल्वे ट्र्याकमा हिँडिरहेका थिए । रेलको आगमनका क्रममा चालकले पटक–पटक हर्न बजाए पनि उनले सुन्न नसकेको बताइएको छ । प्रहरीका अनुसार सम्भवतः ईयरफोनको कारण उनले रेलको आवाज वा चेतावनी संकेत थाहा पाउन सकेनन् । दुर्घटनापछि प्रहरी र रेल्वे कर्मचारी घटनास्थल पुगेका थिए ।
मृतकको सनाखत भइनसकेको जनाइएको छ भने शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल पठाइएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाइएको छ ।

# पूर्वाधार कार्यालयले ठोरीको सिकारीबासमा पाँच जनाको घर बनाइदिने

**वीरगंज ।**
पूर्वाधार विकास कार्यालय वीरगंजले पर्साको विकट ठाउँका रुपमा चिनिने सिकारीबासमा फुसको घरमा बसोबास गर्दै आएका सर्वसाधारणलाई दुई कोठे पक्की घर निर्माण गरिदिने भएको छ । कार्यालयले ठोरी गाउँपालिका–३ सिकारीबास फुसको घरमा बसोबास गर्दै आएका पाँच परिवारको लागि 'जनता आवास कार्यक्रम' अन्तर्गत एकीकृत बस्ती निर्माण गरिदिन लागेको हो । यो बस्ती ठोरीको हुलाकी राजमार्गबाट करिब छ किलोमिटरभित्र पर्दछ । जहाँ पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र भारतको बाल्मिकी टाईगर रिर्जभ लगायतको मध्यवर्ती क्षेत्रको रुपमा रहेको छ । तर, यहाँका सर्वसाधारण आधारभूत आवश्यकताबाट पनि बञ्चित हुँदै आइरहेका छन् । पूर्वाधार विकास कार्यालय वीरगंजका प्रमुख लालबाबु रायले चालु आर्थिक वर्षमा शिलान्यास भए पनि आगामी आर्थिक वर्षसम्म फुसको घरमा बस्दै आएका पाँच जना परिवारको लागि दुई–दुई कोठे एकीकृत घर बनाइदिन लागेको जानकारी दिए । 'मधेश प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गतप्रति घर तीन लाख ७२ हजार लागतमा निर्माण गर्न लागिएको हो । यसमा घरधनीले १० प्रतिशत श्रमदान पनि गर्नुपर्ने हुन्छ,' उनले भने, 'यसअघि जनता आवास कार्यक्रम सघन शहरी तथा भवन निर्माण आयोजनाबाटै सम्पादन हुँदै आइराखेपनि पछिल्लो समय भने पूर्वाधार विकास कार्यालय मातहत व्यवस्थापन र सञ्चालन हुँदै आइरहेको छ ।'
कार्यालयका अनुसार फलामे ट्रस र जस्ताको छानोसहितको घर निर्माण गर्न लागिएको हो । गत शनिबार ठोरीको सिकारीबासमा आयोजित एक कार्यक्रमबीच एकीकृत बस्तीको शिलान्यास पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र पूर्वाधार विकास कार्यालयका प्रमुख रायले संयुक्तरुपमा गरेका थिए । सो योजना अन्तर्गत सिकारीबासमा वर्षौंदेखि बस्दै आएका भङ्गीयादेवी थारु, तेत्रीदेवी थारु, रामचन्द्र थारु, भरत महतो थारु, पार्वतीकुमारी थारुको घर निर्माण गरिनेछ । फुसको घरमा बसोबास गर्दै आएका भरत महतो थारुले आफ्नो पक्की घर बन्ने भएसँगै निकै खुसी भएको प्रतिक्रिया दिए । 'म त जिन्दगीभर नै फुसकै घरमा जीवन गुज्रिएला जस्तो लागेको थियो,' उनले भने, 'अब घर बन्ने भएसँगै हामी पनि वर्षायाममा पानी नचुहिने घरमा बस्न पाउने भयौँ ।' पर्साका प्रजिअ अर्यालले वर्षौंदेखि राज्यको अभिभावकत्व प्राप्त गर्न नसकेका सिकारीबासका जनताका लागि एकीकृत शिविरमार्फत राज्यको अनुभूति गराउन खोजेको बताए । जलस्रोत तथा सिँचाइ विकास डिभिजन पर्साका योजना प्रमुख तथा इन्जिनियर राकेश साहले शनिबार नै ठोरीको सिकारीबासमा नदीको कटान क्षेत्रमा करिब १० लाख मूल्य पर्ने नदी तटबन्धसहितको जालीको व्यवस्था गर्न लागेको जानकारी दिए । रासस

# लहानमा 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम'

**सिरहा ।**
लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गर्दै आएको 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम' अहिले प्रभावकारी रूपमा अघि बढिरहेको छ । नगरपालिकाका २४ वटै वडामा 'रोटेसन' को आधारमा प्रत्येक महिनाको २२ गते गर्भवती तथा सुत्केरीलाई पोषण प्याकेज वितरण गरिँदै आएको छ ।
आइतबार वडा नं २२ मा आयोजित कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले ४५ जनालाई पोषण प्याकेज हस्तान्तरण गरे । उनका अनुसार यो कार्यक्रम गत स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएको प्रतिबद्धता अनुसार शुरु गरिएको हो । 'सुत्केरी अवस्थामा पोषिलो आहार नपाउँदा बच्चाको पोषणमा गम्भीर असर पर्छ, जुन भविष्यका लागि खतरा हुन्छ । मैले नगरप्रमुखको जिम्मेवारी सम्हालेपछि एउटा स्वस्थ पुस्ता तयार पार्न, आमाहरूको स्वास्थ्य सुधार गर्न र कुपोषणको चक्र तोड्न यो कार्यक्रम शुरु गरेको हुँ,' उनले भने, 'अहिले यो कार्यक्रमले जनस्तरमा निकै राम्रो प्रभाव पारेको देखिएको छ, त्यसैले आगामी दिनमा अझ प्रभावकारी बनाउँदै लैजाने योजना छ ।' नगरपालिकाभित्र उल्लेख्य दलित र विपन्न समुदाय रहेकोले उनीहरूलाई लक्षित गर्दै कार्यक्रम बनाइएको हो । उनका अनुसार कार्यक्रमले हाल जनस्तरमा सकारात्मक प्रभाव पारिरहेको र आगामी दिनमा अझ व्यापक बनाइनेछ । कार्यक्रमको प्रभावबारे बोल्दै वडा नं २२ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरले पनि यस योजनाले महिलाहरूमा स्वास्थ्य सचेतना बढेको बताए । 'पहिला गर्भवती र सुत्केरीहरू स्वास्थ्य संस्थामा नियमित जाँच गर्न जाँदैनथे,' उनले भने, 'अब पोषण प्याकेज पाउने प्रक्रियामा नियमित स्वास्थ्य जाँच अनिवार्य भएकाले उनीहरू स्वास्थ्य संस्थामा आउन थालेका छन् । यसले आमाको पनि स्वास्थ्य सुधार ल्याएको छ ।' नगरपालिकाको स्वास्थ्य शाखाकी कर्मचारी रीता यादवका अनुसार यो कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्यमा सकारात्मक असर पारेको छ । पोषण प्याकेजमा चामल, दाल, नून, तेल, चना, मोटर, सोयाबिनलगायतका खाद्य सामग्री समावेश गरिएको छ । कार्यक्रमबाट लाभान्वित महिलाले आफूहरूले पाएको सहयोगले गर्भावस्था र सुत्केरी अवस्थाको चुनौती पार गर्न सजिलो भएको अनुभव बाँडेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख चौधरीले यसै वडाको तरेगनामा यही वर्षदेखि 'बर्थिङ सेन्टर' सञ्चालनमा ल्याइने जानकारी दिए । नगरपालिकाको स्वास्थ्य शाखाले यस सम्बन्धमा आवश्यक सबै प्रक्रिया पूरा भइसकेको जानकारी दिएको छ । लहान नगरपालिकाको दुर्गम क्षेत्र मानिने तरेगनामा सञ्चालनमा आउन लागेको यो बर्थिङ केन्द्रबाट स्थानीय महिलाहरूलाई सुरक्षित र सहज प्रसूति सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ । लहान नगर प्रमुख महेशप्रसाद चौधरीका अनुसार, वर्षायाममा सडक अवरुद्ध हुँदा रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालसम्म पुग्न नसक्ने अवस्थाले गर्दा गर्भवतीले समयमा सेवा नपाइ ज्यान गुमाउने जस्ता दुःखद घटना दोहोरिरहेकाले यो केन्द्रले अब स्थायी समाधान दिनेछ । नगर प्रमुख चौधरीले भने, 'बर्थिङ सेन्टर सञ्चालनमा आएपछि लहान–१६ को भसुवा, भमरेका गर्भवतीलाई अब शहरसम्म धाउनुपर्ने बाध्यता हट्नेछ । एमबिबिएस डक्टरसहितको सेवा हुनेछ ।' उनका अनुसार केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र उपकरण तयारी अवस्थामा छन् । यसबाट दुर्गम क्षेत्रमा सुरक्षित मातृत्व सेवा सुनिश्चित हुने विश्वास लहान नगरपालिकाले लिएको छ । रासस

# मिस नेपाल २०२५ को लागि आवेदन खुला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालकै प्रतिष्ठित सौन्दर्य तथा प्रतिभा प्रतियोगिता मिस नेपाल २०२५ को लागि आवेदन खुला गरिएको छ । प्रतियोगिता आयोजना गर्दै आएको संस्था दि हिडेन ट्रेजरले आफ्नो ३०औं वार्षिकोत्सवको अवसर पारेर यसपटकको संस्करणलाई थप भव्य बनाउने तयारी गरेको जनाएको छ । सोमवार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत आयोजकले प्रतियोगिताको विस्तृत जानकारी दिँदै १८ देखि २७ वर्ष उमेर समूहका देश तथा विदेशमा रहेका नेपाली युवतीहरूलाई आवेदन दिन आग्रह गरेको छ । सहभागीका लागि न्यूनतम उचाइ ५ फिट ३ इन्च तोकिएको छ । आवेदन प्रक्रिया निःशुल्क हुनेछ भने आवेदन दिने अन्तिम म्याद २०८२ असार २६ गते (२०२५ जुलाई १०) सम्म निर्धारण गरिएको छ । अन्तिम अडिसन असार २८ गते (जुलाई १२) काठमाडौंमा हुने आयोजकले जनाएको छ । अडिसनबाट छनोट भएका युवतीहरूले ग्रामीण तथा विशेष प्रशिक्षण लिनेछन् । प्रतियोगिताको ग्राण्ड फिनाले आगामी भदौ १४ गते (२०२५ अगस्ट ३०) शनिबार गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजना गरिनेछ । यस संस्करणमा पहिलोपटक मिस नेपाल कोस्मोको उपाधि थप गरिएको छ । प्रतियोगिताबाट मिस नेपाल वल्र्ड, मिस नेपाल अर्थ, मिस नेपाल इन्टरनेशनल र मिस नेपाल कोस्मो गरी चार जना विजेता चयन गरिनेछन् । नेपालले यसपटक पहिलोपटक मिस कोस्मो इन्टरनेशनल प्रतियोगितामा सहभागिता जनाउने भएको छ । मिस नेपाल २०२५ को खोजीका लागि विर्तामोड, जनकपुर, नेपालगञ्ज लगायतका शहरहरूमा अडिसन तथा प्रचार अभियान सञ्चालन गरिनेछ । त्यसैगरी, काठमाडौंका १० वटा कलेजमा मिस नेपाल एक्टिभेसन क्याम्पेन पनि चलाइने आयोजकले जनाएको छ । प्रतियोगिताका सह–प्रायोजकमा बर्जर पेन्ट्स र श्री नटराज ज्वेलर्स रहेका छन् ।

# मखानको ब्राण्डिङमा मटिहानी नगरपालिकाको नयाँ पहल



**मधेशदृष्टि**
**महोत्तरी ।**
पोषकतत्वले भरिपूर्ण मखानको उत्पादन र बजार विस्तारका लागि मटिहानी नगरपालिकाले स्थानीय कृषकहरूलाई बजारीकरण सामग्री वितरण गरेको छ । मखान खेतीलाई प्रवद्र्धन गर्दै ब्राण्डिङ गर्ने उद्देश्यले नगरपालिकाले सोमबार कृषकहरूलाई बोरा, झोला र त्रिपाल वितरण गरेको हो ।
नगर प्रमुख हरिप्रसाद मण्डलका अनुसार नगरपालिकाको आर्थिक वर्ष २०८१÷८२ को नगरस्तरीय योजना अन्तर्गत मखाना खेतीमा संलग्न २१ जना कृषकलाई उत्पादन क्षमताको आधारमा सयदेखि चार सय थानसम्म बोरा, २०० थान झोला र एक थान त्रिपाल वितरण गरिएको हो । 'मखान मटिहानीको विशेषता हो । हामी विगत तीन वर्षदेखि यसको उत्पादन वृद्धि, बजारीकरण र ब्राण्डिङमा लागिरहेका छौं,' नगरप्रमुख मण्डलले भने, 'नगरपालिकामा आउने पाहुनालाई पनि मखाना उपहारस्वरूप दिइन्छ ।' नगरप्रमुख मण्डलका अनुसार मटिहानीमा करिब १०० वटा पोखरीमध्ये ५० जति पोखरीमा मखाना खेती हुँदै आएको छ । यहाँबाट वार्षिक करिब ४ सय क्विन्टल मखाना काठमाडौं, विराटनगर, जनकपुरधामलगायत विभिन्न शहरमा पठाइने गरेको छ ।
वडा नं. ६, ७ र ८ मा बसोबास गर्ने मल्लाह (सहनी), साह तथा मुस्लिम समुदायका दुई दर्जनभन्दा बढी परिवारको मुख्य पेशा नै मखान खेती हो । नगरपालिकाको कृषि शाखाका सहसंयोजक टङ्कप्रसाद उपाध्यायका अनुसार हाल मटिहानीको १२५ बिघा क्षेत्रमा मखाना खेती भइरहेको छ । 'नगरपालिकाको प्रोत्साहनसँगै मखाना खेतीतर्फ आकर्षण बढ्दो छ,' उनले भने । हिन्दू धर्म अनुसार जन्मदेखि मृत्यु संस्कारसम्म मखानको प्रयोग अनिवार्य मानिन्छ । विशेषतः कोजाग्रत पूर्णिमा, दीपावली, ब्रतबन्धजस्ता धार्मिक अवसरहरूमा मखानाको खपत अत्यधिक हुने गर्छ । केही महिनाअघि मात्र मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मटिहानीका अगुवा मखान उत्पादकहरू हरि यादव, संजय सहनी, ललन मुखिया र विष्णु सहनीलाई प्रशंसापत्रसहित सम्मान गरेका थिए । सामग्री वितरण कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सदस्य रामलखन पंजियार, महोत्तरी उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष मोहनप्रसाद गुप्ता, मटिहानी–६ का वडाध्यक्ष कलीम अन्सारी र वडा–७ का वडाध्यक्ष जितनारायण माझीसहित मखाना कृषकहरूको बाक्लो उपस्थिति थियो । नगरपालिकाले मखान खेतीलाई दीर्घकालीन आयआर्जन र सांस्कृतिक सम्पदा दुवैको रूपमा हेरिरहेको बताइएको छ ।

# पोखरीमा एक युवक मृत अवस्थामा फेला

**राकेश यादव**
**रौतहट ।**
रौतहटको जिल्लाको इशनाथ नगरपालिका–३ औरैया स्थित पानी टंकी नजिकको रहेको पोखरीमा एक युवकको शव फेला परेको छ ।
स्थानीय वडा नम्बर–३ निवासी ३० वर्षीय परमेश्वर गुप्ताको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
स्थानीय बासिन्दाहरुले पोखरीको बिच भागमा मानिसको शव देखेपछि प्रहरीलाई खबर गर्दा घटनास्थल पुगेका प्रहरीको टोलीले शव बाहिर निकालेको थियो ।



मृत अवस्थामा पानीमाथि तैरिदै गरेको शव पोखरीबाट निकालेपछि मृतकको पहिचान खुलेको प्रहरीले जनाएको छ । गुप्ताको शव प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टम गरिएको तथा घटना सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको डीएसपी दिपककुमार रायले जानकारी दिएका छन् ।

सम्पादकीय

# पर्वका नाममा देखाइएको तमासा र प्रशासनमाथि प्रश्न

*आइतबार वीरगंजमा मुस्लिम समुदायले मनाउने पर्व मोहर्रमको धुमधाममा केही अराजक गतिविधि भएको छ। पर्सा प्रशासन कार्यालयले दिएको छुटको फाइदा उठाउँदै प्रदर्शनकारी आदर्शनगर पुगेर रंगशालामा प्रवेश गर्न खोजेपछि प्रहरीले धकेलेर पार लगाउनु परेको थियो। डिजे साउन्डसहित प्रदर्शनमा उत्रिएको समूहले प्रहरीलाई पनि पेलेर गाडी चलाउने प्रयास गरेका थिए। उनीहरुले देखाएको शक्ति प्रदर्शनले प्रहरी प्रशासनलाई चुनौती बनेको थियो। अर्कोतिर प्रशासनले दिएको छुटको फाइदा उठाउँदै उनीहरुले प्रदर्शन हिंसात्मक बनाउन खोजेको देखिन्थ्यो। तर प्रहरीले पेलेर उनीहरुलाई रंगशाला प्रवेश गर्न रोके। केही तारबार तोडफोडमै हिंसात्मक अवस्था नियन्त्रणमा आयो। धार्मिक सम्प्रदायहरुले चाडपर्व मनाउनु पर्छ। निर्बाध मनाउनु पनि पर्छ। तर एउटा धार्मिक समुदायले अर्को धार्मिक समुदायमाथि द्वेषको भावना राख्नु हुन्न भन्ने सबैलाई थाहा छ। तैपनि पछिल्लो समय मधेशका केही जिल्लामा यस्ता पर्वका नाममा शक्ति प्रदर्शनको होड देखिन्छ। प्रहरी प्रशासनलाई पनि चुनौती दिनखोज्ने केही शक्तिको अदृश्य स्वार्थ देखिन्छ। वश यसपटक पनि भएको त्यही हो। पर्सा मात्रै होइन, मधेशका केही जिल्लामा पछिल्लो समय यस्तो तनावपूर्ण अवस्था शुरु हुन थालेका छन्। यसले धर्मको आवरणमा द्वन्द्व निम्त्याइरहेको हो कि भन्ने देखिन्छ। यसलाई समयमै समाधानमा सबै पक्ष लाग्नु पर्छ। कमीकमजोरी सच्याउने मौका पनि दिनु पर्छ, अन्य समुदायले पनि सहिष्णुताका नाममा अपमानबोध गर्ने अवस्था आउन नदिनु प्रहरी प्रशासनको दायित्व पनि हो।*

## उज्वेकिस्तानविरुद्ध नेपाली महिला फुटबल टोलीको अविस्मरणीय खेल



**राजु सिलवाल**

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले उज्वेकिस्तानको तासकान्दमा सम्पन्न एएफसी महिला एसिया कप छनोट प्रतियोगितालाई कहिले बिर्सन नसक्ने प्रतियोगिताका रुपमा लिएको छ। टोलीका सदस्यहरुलाई फुटबल खेलबाट सन्यास लिइसकेपछि पनि सो प्रतियोगिताको नतिजाले पिरोलिरहने नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को भनाइ एकदमै मार्मिक छ। फुटबल मैदानमा सधैँ दृढ देखिने साम्बालगायतका खेलाडीले उज्वेकिस्तानविरुद्धको खेल समाप्त भएपछि मैदानमै आँसु खसालेको देखेपछि नेपाली फुटबल प्रेमीहरुले नरमाइलो मानेका थिए।

आज स्वदेश फर्कदासमेत महिला फुटबल टोलीका सदस्यहरुको अनुहारमा खुसी थिएन। सो टोलीका प्रशिक्षकहरुले पनि यो दुःखद क्षणलाई आगामी दिनमा पनि पक्कै बिर्सने छैनन्। नेपाली महिला फुटबल टोलीका लागि यो जत्तिको ठूलो प्रतियोगिता केही थिएन। यो अवसरलाई नेपाली टोलीले सही तरिकाले उपयोग गरेको थियो। सन् १९८६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आएको नेपाली महिला फुटबल टोलीले १००औँ प्रतियोगिताका सिलसिलामा सबैभन्दा आक्रमक खेल खेल्दै हालसम्मकै सर्वाधिक गोल गर्न सफल भएको थियो। नेपाली महिला फुटबल टोलीको फाइटिङ स्पिरिटको सकारात्मक सन्देश सबैतिर फैलिएको छ। अन्तिम खेलमा उज्वेकिस्तानलाई कडा चुनौति दिंदा नेपाली टोली पेनाल्टी सुटआउटमा चुकेको थियो। नेपाल सम्भावित विजेताको अवसरबाट वञ्चित हुन पुग्यो। यसले नेपालको महिला फुटबलको आगामी मार्ग समेत अवरोध हुन पुग्यो।

**क्षमायाचना**

अखिल नेपाल फुटबल सङ्घले खेलको नतिजा चाहेको जस्तो नभएको जनाएको छ। सङ्घले सबैको सहयोगको कदर पनि गरेको छ। नेपाली टोलीकी स्ट्राइकर प्रिति राईले नेपालको पराजयपछि सामाजिक सञ्जालमार्फत सबैसँग माफी मागेकी छिन। धेरै प्रयास गर्दा समेत खेलमा विजयी हुन नसकेको भन्दै उनले नेपाल पराजित भएकामा माफी मागेक हुन्। नेपाली राष्ट्रिय फुटबल टोलीकी पहिलो कप्तान रमा सिंहको धारणा बेग्लै छ। उनले नेपाली महिला टोलीले खेल नहारेको धारणा व्यक्त गर्दै खेलको स्तर जितभन्दा माथि भएको बताइन्।

**प्रशिक्षकको भूमिका**

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेले आफ्नो नियुक्तिपछिको पहिलो जिम्मेवारीमै नेपाली महिला टोलीको खेलमा अत्यधिक सुधार गरेको स्पष्ट महसुस गराएका थिए। उनले खेलाडीहरुलाई किन सकिन्न र? भन्दै उत्पेरित गर्ने गरेका थिए। नेपाली खेलाडीहरुले तीनवटा खेलमा क्रमशः सुधार गर्दै लगेको देखिएको थियो। यसमा मुख्य प्रशिक्षकको भूमिका महत्वपूर्ण मानिएको छ। मुख्य प्रशिक्षकले मैदानमा होस वा ड्रेसिङ रुममा दिएको जिम्मेवारी र सिकाएको शैलीलाई खेलाडीहरुले पछ्याएका थिए। उज्वेकिस्तानसँग ३ गोलले पछि पर्दा पनि नेपालले गोल फर्काउन सक्नु सानो उपलब्धि होइन। तर पेनाल्टीमा चुक्नु नेपालका लागि दुर्भाग्य बन्न पुग्यो। गोल मेसिनका रुपमा सशक्त खेलाडी बनेर प्रशंशाको पात्र बनेकी कप्तान साम्बाले प्रहार गरेको पेनाल्टी बल दुर्भाग्यबस गोल पोष्टको पोलमा लागेर फर्कनु, आफ्नो टोलीमा प्रिति राई र रेखा पौडेलजस्ता स्कोरर हुँदा हुँदै प्रशिक्षकले गोलकिपर अन्जना रानामगरलाई पेनाल्टी प्रहार गर्ने अवसर दिनु जस्ता कारणले नेपालको आगामी अष्ट्रेलियाको यात्रा टुङ्गिन पुगेको कुरालाई नकार्न सकिन्न।

**गोलकिपरलाई दबाब**

मुख्य प्रशिक्षकले अन्जना रानामगरलाई लगातार तीन खेलमा खेलाउदाँ उनलाई पक्कै दबाब परेको थियो। यस्तो अवस्थामा गोलकिपर नर्भस हुनु स्वाभाविक थियो। यस अघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा एन्जिला तुम्बापो सुब्बाले गोलकिपरको रुपमा नेपालको प्रतिनिधित्व गर्नुका साथै गोल बचाउने सन्दर्भमा पनि नाम कमाएकी थिइन। खेलको ख्यातीकै कारण उनको जीवनीमा आधारित 'अन्जिला' नामक चलचित्र निर्माण गरी उनलाई अभिनेत्रीका रुपमा ख्यातीप्राप्त सिनेमा निर्देशक निर्मल चाम्सले डेब्यु गराएका थिए। तासकान्दको प्रतियोगितामा मुख्य प्रशिक्षकले एन्जिलालाई कप्तानबाट हटाउनुका साथै लगातार तीन खेलमा जगेडा गोलकिपरका रुपमा बेन्चमा राखेका थिए। शनिबारको महत्वपूर्ण खेलमा प्रशिक्षकले नेपाली गोलकिपरका बारेमा ध्यान दिएको भए नतिजा सकारात्मक आउने थियो भन्नेहरु पनि छन। रक्षात्मक पक्षका खेलाडीहरुले गोल पोष्ट जोगाउन नसक्नु, गोलकिपर अन्जना रानामगरले सम्भावित गोलको आंकलन गर्न नसक्नु, बल प्रहार हुँदा ढिलो ड्राइभ गर्नु जस्ता कारणले गोल भएका थिए। पेनाल्टी प्रदर्शन अतिनै महत्वपूर्ण थियो। यस्तो निर्णायक पेनाल्टी सुटआउटमा नेपालले ४ मध्ये २ मात्र पेनाल्टी गोल गर्न सक्नु दुर्भाग्य हुन पुग्यो।

**साम्बाको सफलता**

साम्बालाई कप्तानको जिम्मेवारी दिंदा पहिले बिबाद पनि भएको थियो। कप्तानको जिम्मेवारी पाएपछि आफू तीनवटै खेल खेल्नुअघिको राति सुत्न नसकेको स्वयम साम्बाले स्विकारेकी छिन्। एघार वर्ष महिला फुटबलमा बिताएकी साम्बाले यति ठूलो दबाब कहिल्यै पनि बेहोरेकी थिइनन। उनी टोलीका सबै खेलाडी कप्तान भएको मान्दछिन। सबैको सहयोगमा उनको नेतृत्वमा टोलीले नतिजा हासिल गर्न सफलता प्राप्त गरेको थियो। नेपाली राष्ट्रिय महिला टोलीको पहिलो पटक नेतृत्व गर्ने जिम्मेवारी पाएकी साम्बाले नेपाललाई एशिया कपमा प्रवेश गराउन नसकेपनि नेपाली टोलीलाई सशक्त टोलीका रुपमा मैदानमा उतार्न सक्नु उनको सफलता मान्न सकिन्छ। तासकान्दमा खेलेका तीनवटै खेलमा नेपालले विपक्षी टोलीहरुलाई कडा चुनौति दिएको थियो। विश्व बरियताका क्रममा ५१औँ स्थानमा रहेको उज्वेकिस्तानलाई १००औँ स्थानमा रहेको नेपालले रक्षात्मक वा आक्रामक दुवै पङ्तीका तर्फबाट यथोचित प्रतिस्पर्धा गरेको थियो। कप्तान साम्बाले यसपाली तीनवटै खेलमा ह्याट्रिक गरेर कीर्तिमान कायम गरेकी थिइन्। उनले अन्तिम दिनको खेलमा २४औँ, ७१औँ र ७३औँ मिनेटमा लगातार तीन गोल गरेर प्रतियोगितामा तेस्रो ह्याट्रिक गरेर आफूलाई विश्वकै अब्बल दर्जाको खेलाडीका रुपमा परिचित गरेकी छिन्।

**मौसमीको चुनौति**

नेपाली खेलाडीहरुका लागि उज्वेकिस्तानको मौसम पनि चुनौति बन्न पुगेको थियो। अत्यधिक गर्मीका कारण पहिलो खेलमा ज्यादै कठिन महसुस गरेका नेपाली खेलाडीहरु दोस्रो तथा तेस्रो खेलसम्म आइपुग्दा विस्तारै अभ्यस्त हुँदै गएका थिए। खेल अवधिमा रेफ्रीले खेल बीचैमा रोकेर कुलीङ ब्रेक दिने गरेका थिए। तापक्रम बढी भएको अवस्थामा खेल्नु पक्कै पनि सहज हुँदैन। यस्तो अवस्थामा रेफ्रीले खेल बीचैमा केही बेर रोकेर खेलाडीलाई पानी खाने समय दिन कुलिङ ब्रेक दिने नियम छ। यसले खेलाडीहरुको शरिरको तापक्रम नियन्त्रण गर्न सहयोग गर्दछ। तापक्रम बत्तीस डिग्री सेल्सियस पुगेपछि अत्यधिक तातो मानिन्छ। तापक्रम अत्यधिक बढेको अवस्थामा खेलाडीको सुरक्षाकाला गगि कुलिङ ब्रेक आवश्यक पर्दछ। उज्वेकिस्तानमा अहिले गर्मी मौसममा तापक्रम बढी भएकाले तातो र सुख्खा हुने गरेको छ। त्यो मुलुकमा सबैभन्दा बढी तापक्रम जुलाई महिनामा हुने गरेको छ। उज्वेकिस्तानका धेरै सहरमा यस महिनामा औसत दैनिक तापक्रम ३५ डिग्री सेल्सियस पुग्ने गरेको छ। तर जाडोयाममा भने अत्यधिक चिसो भइ तापक्रम माइनस एक डिग्री सेल्सियसदेखि माइनस ३ डिग्री सेल्सियसम्म झर्ने गर्दछ। एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ। तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिक जस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुङ्गिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ।

उत्कृष्ठ लयमा रहेको नेपाली महिला राष्ट्रिय फुटबल टोलीले पनि रक्षात्मक हुन वा आक्रामक खेलको माध्यमबाट विपक्षीहरुलाई कडा चुनौति दिंदै बलियो उपस्थिति जनाएको थियो। लगातार तीनवटै खेलमा नेपालले आफूलाई बलियो टोलीका रुपमा मैदानमा उतार्नु मुलुककै फुटबल इतिहासमा गौरवको विषय हो। यस अघि नेपालले लाओसलाई ९–० गोलअन्तरले तथा श्रीलङ्कालाई ८–० गोलअन्तरले पराजित गर्दै आफ्नो टोली बलियो भएको प्रमाणित गरेको थियो। समग्रमा नेपालले आफूभन्दा माथिल्लो बरियताको टोलीसँग खेल्ने अवसर पाउँदा पक्कै पनि धेरै कुरा सिकेको छ। नयाँ खेलाडीहरु उत्पादन गर्ने, स्वदेश तथा विदेशका प्रतियोगिताहरुमा खेलाडीहरुलाई अत्यधिक प्रतियोगिताहरुमा सहभागी गराउने तथा खेलाडीहरुलाई खेलेर बाच्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक उपायहरु अबलम्बन गर्नु जरुरी छ। नेपालले तासकान्दमा सिकेको पाठलाई आगामी दिनमा व्यवहारमा उतार्दै नेपाली महिला फुटबललाई प्राथिमकतामा राखेर उचित रणनीति तर्जुमा गर्न अखिल नेपाल फुटबल सङ्घले तदारुकता देखाउन ढिलो गर्न हुँदैन। रासस

## किशोर र युवा उमेरका पुरुषमा मानसिक स्वास्थ्य समस्या 'व्यापक'

**सेलिन गिरिट**

पछिल्ला वर्षहरूमा युवाहरूमाझ बढ्दो मानसिक स्वास्थ्य समस्याप्रति विश्वको ध्यान जागेको छ। किशोर अनि भर्खरका युवा पुरुषहरू यो समस्याको सबैभन्दा जोखिममा देखिएका छन्। दशकौँदेखि गरिएका अनुसन्धानहरूले के निचोड निकालेका छन् भने महिलाभन्दा पुरुषहरू मानसिक स्वास्थ्यको उपचारका लागि अघि मद्दत लिन हच्कन्छन्। सन् २०२३ मा गरिएको एक अमेरिकी अनुसन्धानअनुसार यो ४० प्रतिशत कम छ।

हामी अझै कसरी – र कहिले – किशोर तथा भर्खरका युवा पुरुषहरूले सहयोग माग्छन् भन्ने बारे थोरै मात्र जान्दछौँ।

'यो चिन्ताजनक छ,' सन् २०२४ मा युरोपिअन चाइल्ड एन्ड अडलेसन्ट साइकायट्री जर्नलमा लेखिएको छ, 'किनभने किशोर तथा भर्खरका युवा पुरुषहरूमाझ आत्महत्याको दर धेरै छ तर सेवा लिने इच्छा कम छ।' यसको कारण के हो – अनि यसमा विद्यालय, अभिभावक तथा नीतिनिर्माताहरूले कसरी सहयोग गर्न सक्लान्? गत वर्ष विश्व स्वास्थ्य सङ्गठनले गरेको अध्ययनमा विश्वभरि १० देखि १९ वर्ष उमेरका प्रत्येक सात किशोरमध्ये एक जनाले मानसिक स्वास्थ्यमा गडबडी बेहोर्ने गरेको पाइयो।

डिप्रेशन, एङ्ग्जाइटी तथा व्यवहारसँग सम्बन्धित समस्याहरू सबैभन्दा धेरै पाइने मानसिक स्वास्थ्य गडबडी हुन् भने १५–२९ वर्ष उमेरका मानिसमा आत्महत्या नै तेस्रो ठूलो मृत्युको कारण रहेको छ।

ल्यान्सेट साइकायट्री कमिशनका अनुसार सबै किसिमका मानसिक स्वास्थ्य अवस्था २५ वर्षको उमेरभन्दा पहिले नै सुरु हुन्छन, धेरै त १५ वर्षको उमेरमै भइसक्छन्। युवाहरू शारीरिक रूपमा निकै स्वस्थ्य हुने भए पनि मानसिक रूपमा चाहिँ सङ्घर्षरत हुन्छन् – यसको संख्या बढ्दै छ र युवा मानसिक स्वास्थ्य 'गम्भीर चरण'मा पुगेको छ।

यद्यपि आवश्यकता हुँदाहुँदै धेरै केटा र युवाले उपलब्ध मानसिक सेवा लिँदैनन्। 'विगत १५–२० वर्षदेखि केटा र केटी दुवैमा मानसिक स्वास्थ्य समस्या बढ्दो रूपमा देखिएको छ, तर सहायता लिने प्रवृत्ति युवाहरूमा कम देखिन्छ,' अस्ट्रेलियाको न्याश्नल सेन्टर अफ एक्सलन्स फर यूथ मेन्टल हेल्थका कार्यकारी निर्देशक तथा मनोचिकित्सक प्राध्यापक प्याट्रिक म्याकगोरी भन्छन्।

क्यानडाको ब्रिटिश कोलम्बिया विश्वविद्यालयस्थित मनोचिकित्साका प्राध्यापक जन अग्रड्निजकका अनुसार धेरै केटाहरू अहिले पनि सहायता माग्नुलाई विफलतासरह ठान्ने गर्छन्। 'यदि हामीले पुरुषवादी सामाजिकीकरणबारे कुरा गर्ने हो भने पुरुषले गर्न हुने र नहुने विषयमा धेरै कुरा सुझाइएको हुन्छन्ः दृढ रहनुपर्छ, सशक्त हुनुपर्छ, नियन्त्रणमा रहनुपर्छ, कुनै कमजोरी देखाउनुहुँदैन अथवा कमजोर देखिनुहुँदैन, चाहिने कुरा आफैँले खोज्नुपर्छ,' उनी भन्छन्।

'तपाईँ हेर्न सक्नुहुन्छ यी कुराहरूले तपाईँको आफ्नै भावनात्मक जीवनसँग जोड्नमा र आवश्यक परेका बेला सहायता माग्ने कुरामा अवरोध सिर्जना गर्छन्।'

अनौपचारिक विधि

मानसिक स्वास्थ्यसम्बन्धी सहायतालाई केटाहरूले कसरी हेर्छन् भन्ने कुरा सामाजिक मान्यता र कमजोरी देखाउनुलाई कलङ्कको रूपमा लिने प्रवृत्तिले निर्धारण गर्ने पछिल्लो अध्ययनले देखाएको छ। धेरै केटाहरू मानसिक स्वास्थ्य समस्या पहिचान गर्न सक्दैनन् अथवा सहायता कसरी माग्ने भन्ने कुरा उनीहरूलाई थाहा हुँदैन र उनीहरू औपचारिक क्लिनिकहरूमा प्रायशः सहज महसुस गर्दैनन्।

किशोर र युवा पुरुषहरूले अनौपचारिक सहायतालाई प्राथमिकता दिन्छन्। उदाहरणका लागि साथीहरू अथवा नचिनेकाहरूसँग कुरा गर्न चाहन्छन्, अनलाइन सहायता लिन चाहन्छन्। यसले केही युवा सेवाहरूलाई परम्परागत क्लिनिकल विधि छोड्न लगाएको छ। उदाहरणका लागि अस्ट्रेलियामा युवा मानसिक स्वास्थ्य संस्था ओरिजेनले युवाहरूसँग मिलेर डिजाइन गरेको 'स्पेस'ले 'सफ्ट एन्ट्री' दिने गर्छ– जहाँ अनौपचारिक वातावरणमा कुराकानी हुन सक्छ। 'पहिलो भेटमै युवाहरू परामर्श कक्षमा बस्नका लागि सहज नहुन सक्छन्। उनीहरू बस्न र कुराकानी गर्न नचाहन सक्छन्,' ओरिजेनका कार्यकारी निर्देशक प्याट्रिक म्याकगोरी भन्छन्। 'सायद उनीहरूले अरू केही गर्दै धेरै कुराकानी गर्न मन पराउन सक्छन्, जस्तो कि हिँड्दै, पूल अथवा टेबलटेनिस खेल्दै।'

सामाजिक सञ्जाल ः शत्रु वा मित्र?

सामाजिक सञ्जाल दुईधारे तरबार होः 'त्यसले एक्लिएका किशोरकिशोरीलाई जोड्न सक्छ र महत्त्वपूर्ण जानकारी उपलब्ध गराउन सक्छ, तर हानिकारक र विषाक्त पुरुषवादी सामग्री पनि पु¥याउन सक्छ।' 'अधिकांश युवा पुरुषहरू अहिले पुरुष तथा पुरुषत्वसम्बन्धी इन्फ्लुअन्सरका सामग्रीसँग जोडिने गरेका छन्,' क्लिनिकल मनोचिकित्सक तथा मोभेम्बर इन्स्टिच्यूट अफ मेन्स हेल्थका अन्तर्राष्ट्रिय निर्देशक डाक्टर सिमन राइस भन्छन्। 'मानोस्फेअर' सामग्रीसँग जोडिएका युवा पुरुषहरूले आफ्ना साथीहरूको तुलनामा आफूमा खराब मानसिक स्वास्थ्य अवस्था भएको जानकारी दिएको मोभेम्बरको अनुसन्धानले देखाएको छ।

तर राइसका अनुसार सबै सामग्री नकारात्मक हुँदैनन् र मानसिक स्वास्थ्यका निम्ति सामाजिक सञ्जाल उपयोगी माध्यम हुन सक्छन्। 'हामी यो कुरा सुनिश्चित गर्न चाहन्छौँ कि हामी समुदायलाई एकसाथ ल्याउन, राम्रो स्वास्थ्य र मानसिक स्वास्थ्यबारे जानकारी उपलब्ध गराउन र हानिको सम्भावना कम गर्नमा सामाजिक सञ्जालका सकारात्मक पक्षको सदुपयोग गर्न सकौँ,' उनी भन्छन्।

यद्यपि भाइरल हुने सामग्रीहरू वितरण गर्ने हिसाबले डिजाइन गरिएकाले सामाजिक सञ्जाल एल्गोरिदमको काम चुनौतीपूर्ण रहेको उनी बताउँछन्। उनका अनुसार सकारात्मक र स्वास्थ्यकेन्द्रित सामग्रीले एल्गोरिदमलाई जित्न गाह्रो छ।

सोशल मिडिआ एल्गोरिदमले कसरी काम गर्छ भन्नेबारे आमाबुवाले छोराछोरीलाई बुझाउन आवश्यक रहेको अक्स्फर्ड विश्वविद्यालयमा किशोरावस्थाको मनोचिकित्सासम्बन्धी प्रमुख मिना फाजेलको तर्क छ। गत महिना एकतिहाइ युवाहरूले आत्मक्षति पु¥याउने सामग्रीहरू सामाजिक सञ्जालमा हेरेका पाइएको एउटा अनुसन्धानको नतिजाबारे सङ्केत गर्दै उनले त्यस्तो भनेकी हुन्। सामाजिक सञ्जाललाई मात्र दोष दिन नहुने भन्दै उनी समाजमा भएको बृहत् परिवर्तनलाई पनि हेर्नुपर्ने बताउँछिन्।

'परिवार र समुदायका संरचनाहरू नाटकीय रूपमा परिवर्तन भइरहेका छन् र सञ्चारमाध्यमले थुप्रै युवाका निम्ति सहायता भूमिका निर्वाह गर्न सक्छन्,' उनी भन्छिन्।

एक्लोपनको समस्या

किशोर तथा युवा पुरुषहरूले एकदम धेरै सामना गर्ने तर बेवास्ता गरिएको एउटा समस्या एक्लोपन हो। गत मेमा प्रकाशित ग्यालप सर्वेक्षणका अनुसार १५ देखि ३४ वर्षका २५ प्रतिशत अमेरिकी पुरुषहरूले अघिल्लो दिनको तुलनामा ठूलो मात्रामा तनाव झेलेको बताएका थिए। यो समस्या राष्ट्रिय रूपमा औसत १८ प्रतिशत हो भने युवा महिलाहरूमा पनि १८ प्रतिशत नै हो। डा जन अग्रड्निजकका अनुसार 'हेड्सअपगाइज'को डेटाले एक्लोपन र उद्देश्यको अभाव युवा पुरुषहरूमा तनाव निम्त्याउने साझा विषय हुन्। विज्ञहरू पुरुष युवाहरूले थेरपीका लागि हुने भेटघाटमा मात्र नभई दैनिक अन्तरक्रियामै मित्रताको सम्बन्ध विकास गरी खुलस्त कुराकानी गर्न सक्ने सुरक्षित स्थलको आवश्यकतामा जोड दिन्छन्।

विद्यालयको भूमिका

'युवा पुरुषहरूले सहायता माग्दा उनीहरूले त्यसलाई आफ्ना निम्ति उपयोगी नै पाउने एक सकारात्मक प्रवृत्ति रहेको छ,' प्राध्यापक मिना फाजेल भन्छिन्। 'त्यो सहयोग कहाँबाट प्राप्त हुन्छ भन्ने कुराले अर्थ राख्दैनः विद्यालयबाट पनि हुन सक्छ, सामाजिक सेवाबाट पनि हुन सक्छ, समुदायबाट पनि हुन सक्छ।' केटाहरूको स्वास्थ्यमा विद्यालयको संस्कृतिको भूमिका रहने कुराको प्रमाण बढ्दो छ।

प्राध्यापक फाजेलको विचारमा केटाहरूलाई अझ राम्रो हुने गरी विद्यालयहरूलाई पुनः डिजाइन गर्न आवश्यक छ। 'संसारका अधिकांश बालबालिकाको विद्यालयसम्म पहुँच छ। त्यसैले त्यहाँ हामीले बच्चाहरूको शैक्षिक विकासबारे मात्र नसोची किशोरका रूपमा विकसित हुनुको अर्थ के हो – खास गरी केटाहरूका लागि– त्यसबारे पनि हामीले सोच्नुपर्छ।' बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# आन्दोलनरत चिकित्सकका माग सम्बोधन गर्न सांसदको माग



**काठमाडौँ।**
सांसदहरुले भूकम्पबाट क्षतिग्रस्त घरहरुको पुनःनिर्माणलाई तीव्रता दिन र आन्दोलनरत चिकित्सकको मागप्रति गम्भीर हुन सरकारको ध्यानार्कषण गराउनुभएको छ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा उपलब्ध आकस्मिक समयमा सांसद डा सुनिलकुमार शर्माले देशभरको सरकारी अस्पतालको सेवा प्रभावित हुँदा सेवाग्राही मारमा परेकोबारे सभामुखमार्फत सरकारको ध्यानार्कषण गराए।

उपभोक्ता अदातलसम्बन्धी विषयमा असन्तुष्टि जनाउँदै नेपाल चिकित्सक सङ्घले घोषणा गरेको आन्दोलनले बहिरङ्ग (ओपिडी) सेवा बन्द हुँदा बिरामीहरु मर्कामा परेको उनको भनाइ छ। आन्दोलनरत चिकित्सकहरुको मागप्रति गम्भीर हुन सरकारसँग आग्रह गर्दै सांसद डा शर्माले चिकित्सकको दरबन्दी बढाउनसमेत माग गरे।

'मेडिकल काउन्सिलमा परीक्षा दिएर शल्यक्रियाको अधिकार दिने र त्यो चिकित्सकको शल्यक्रिया ठीक छ छैन भनेर निर्णय गर्न दिने उद्योग मन्त्रालयअन्तगत बनेको कानुन र नन–मेडिकल मान्छेहरुले गर्ने ?', सांसद डा शर्माले भने, 'चिकित्सकको काम कारबाहीका बारेमा यसरी निर्णय गर्ने विषय लजास्पद र दुखद् हो ।'नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले भूकम्पले क्षतिग्रस्त घरहरुको पुनःनिर्माण तीव्र गतिमा अघि बढाउन सभामुखमार्फत सरकारको ध्यानार्कषण गराए। सांसद बस्नेतले जोखिमपूर्ण बस्तीलाई सुरक्षित रुपमा पुनःस्थापना र भूकम्पपीडित नागरिकको जीवनरक्षा एवं सम्मानजनक पुनःस्थापनाको माग गरे । पुनःनिर्माण व्यावहारिक नहुँदा यी घरहरुमा बसोबास गर्ने जोखिमपूर्ण भएको उनले बताए।

'जाजरकोटसहित भूकम्प प्रभावित जिल्लाका नागरिकहरु अस्थायी टहरामा जोखिमपूर्ण जीवन बिताइरहेको छन् । बाढीपहिरो र मौसमजन्य प्रतिकूलताले उनीहरुको पीडा झन गहिरिएको छ', सांसद बस्नेतले भने, 'भूकम्पले क्षतिग्रस्त घरहरुको पुनःनिर्माण ढिलाइ नगर्न आग्रह गर्छु।'

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का चन्द्रबहादुर विश्वकर्माले भूकम्प प्रभावितको समस्या समाधानमा जोड दिन आग्रह गरे ।नेपाली कांग्रेसका सांसद राजेन्द्र केसीले चोभार गल्छीको भूगोल र स्वरुप कुनै हालतमा परिवर्तन हुन नदिइने धारणा राखे । उनले चोभारमा रहेको बागमती निकास गल्छी काट्ने विषयमा कुनै काम भएको भन्ने उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहको जवाफप्रति आभारसमेत प्रकट गरे।

'मन्त्री सिंह र बागमति सभ्यता र विपद् व्यवस्थापन निकायहरुसँग छलफल गर्दा त्यस्तो कुनै कार्यक्रम नगरिने जवाफ पाएँ, त्यसका लागि आभार व्यक्त गर्छु । भविष्यमा पनि यस्तो काम नहोस', सांसद केसीले भने।

मञ्जश्री गल्छी धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको स्थान भएको उल्लेख गर्दै उनले यस स्थानलाई यसको संरक्षणलाई ध्यान राख्दै डुबानको जोखिम कम गर्ने उपाय खोज्नुपर्नेमा जोड दिए । रासस

# प्रधानमन्त्री ओलीद्वारा स्पेन भ्रमणका उपलब्धिबारे संसद्लाई जानकारी



**काठमाडौँ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनको सेभियामा सम्पन्न संयुक्त राष्ट्रसङ्घको 'विकासका लागि वित्त' विषयक चौथो अन्तरराष्ट्रिय सम्मेलनमा नेपालको सहभागिता र उपलब्धिबारे संसद्लाई जानकारी गराएका छन।

प्रतिनिधिसभाको सोमवारको बैठकमा समय लिएर प्रधानमन्त्री ओलीले उक्त सम्मेलनले आर्थिक कूटनीतिका लागि विश्वस्तरमा नयाँ साझेदारी वृद्धि गर्दै दिगो विकास लक्ष्यपूर्तिमा थप गति दिन योगदान दिएको बताए।

प्रधानमन्त्री ओलीले उक्त सम्मेलनपूर्व यही असार १४ गते प्रतिनिधिसभाको बैठकमा सम्मेलन र भ्रमणका कार्यसूचीबारे जानकारी गराउनुभएको थियो । सम्मेलनका लागि प्रधानमन्त्री ओली यही असार १४ गते त्यसतर्फ प्रस्थान गरी असार २० गते स्वदेश फर्किएका थिए।

सम्मेलनमा प्रधानमन्त्री ओलीले अतिकम विकसित मुलुकका तर्फबाट अगुवाइ गर्दै सम्बोधनका क्रममा यी मुलुकको न्यायपूर्ण एवं आर्थिक सामाजिक विकासका पक्षमा वकालत गरेको जानकारी गराए । सेभिया प्रतिबद्धताको कार्यान्वयनबाट ती मुलुकले आफ्नो स्तरोन्नतिका लागि विश्वस्तरको साथ र सहयोग प्राप्त हुने अपेक्षा गर्दै प्रधानमन्त्री ओलीले नेपाल सन् २०२६ सम्ममा विकासशील मुलुकमा स्तरोन्नति हुन लागेको अवगत गराए । सम्मेलनका अवसरमा अति कम विकसित राष्ट्रहरुको समूहको बैठकलाई अध्यक्षतासहित सम्बोधन, विभिन्न साइलाइड वार्ता र गोलमेच सम्मेलनमा आफ्नो नेतृत्व, वकालत प्रतिबद्धताबारे सदनलाई प्रधानमन्त्री ओलीले जानकारी गराए।

चवालिस वटा अतिकम विकसित मुलुकहरु रहेकामा नेपालले उक्त सम्मेलनका अवसरमा ती मुलुकहरु सामु प्रभावकारी नेतृत्व गर्न सक्के झल्को दिएको उनले स्पष्ट गरे । सम्मेलनको अघिल्लो दिन प्रधानमन्त्री ओलीले नागरिक समाजको भेलालाई सम्बोधन गरी सशक्त नागरिक समाजको खबरदारीपूर्ण भूमिकाको लागि आह्वान गरेका थिए । नेपालले नागरिक समाजका लागि लोकतान्त्रिक र उदार व्यवस्था लिएको पनि प्रधानमन्त्री ओलीको भनाइ छ।

सम्मेलनका अवसरमा प्रधानमन्त्री ओली र स्पेनका प्रधानमन्त्री (स्पेन सरकारका अध्यक्ष) पोद्रो साञ्चेजबीच दुईपक्षीय भेटवार्ता भएको थियो ।रासस

# 'भिजिट भिसा' प्रकरणमा संसदीय समितिको माग गर्दै रास्वपा र राप्रपाद्वारा प्रतिनिधिसभा बैठक बहिष्कार

**काठमाडौँ ।**
'भिजिट भिसा' प्रकरणमा संसदीय समितिको माग गर्दै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई प्रतिपक्षी दलले बैठक बहिष्कार गरेका छन् ।

निर्धारित समयभन्दा एक घण्टा ढिलो गरी सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको सोमवारको बैठक सुरु भएको घोषणा गर्ने बित्तिकै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदले उठेर विरोध जनाएका थिए । सभामुख घिमिरेले सांसद मनिष झालाई बोल्ने समय दिएका थिए ।

उनले यो सरकार नढलोस् भनी केही महिनाअघि भनेको उल्लेख गर्नुहुँदै 'कुलिङ अफ पिरियड' का बारेमा सभापतिले संसदमा प्रस्ताव गरेकोभन्दा फरक विषय पारित हुनु दुःखद् भएको बताए । 'जुन दलसँग सम्बन्धित दलका नेताका बारेमा प्रश्न उठेको थियो । ती दलका नेताको संयोजकत्वमा समिति गठन नगर्ने सहमति एक वर्षअघि भएको थियो । तर यसपटक त्यसै गर्न खोजिएको छ । यो हामीलाई मान्य छैन,' उनले भने ।

सांसद दीपकबहादुर सिंहले निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' को पनि संसदीय समिति बन्न लागेको उल्लेख गर्नुहुँदै भिजिट भिसा प्रकरणमा प्रधानमन्त्रदेखि तल्लो तहका कर्मचारी जोडिएकाले यस बारेमा छानबिन गर्न संसदीय समितिको माग गरे ।

यस विषयमा किन संसदीय छानबिन समिति गठन नगरेको भनी प्रश्न गर्नुहुँदै उनले राप्रपाले आजको बैठक बहिष्कार गर्ने बताए । रास्वपा र राप्रपाले आजको बैठकबाट बाहिरिएका छन् ।रासस

# सरकारमा रहँदा सुशासनको अभियानलाई गुणात्मक ढङ्गले अघि बढायौं: नेता श्रेष्ठ

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पाार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पछिल्लो पटक अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारले सुशासनको अभियानलाई गुणात्मक ढङ्गले अघि बढाएको बताएका छन ।

संयुक्त राज्य अमेरिकाको लस एन्जेल्समा आयोजित नेपाली समुदायसँग भएको भेटमा पूर्वउपप्रधामन्त्री श्रेष्ठले तत्कालीन सरकारले थालेको सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानले आमजनतामा आशा जगाउन सकेको बताए । पार्टीलाई सुदृढीकरण गर्दै जनतासँग जोड्नका लागि हुलाकीमार्ग र मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान सफल भएको उल्लेख गर्दै उनले माओवादी जनताको सेवक भएको बताए ।

कार्यक्रममा उपाध्यक्ष श्रेष्ठले नेपालको वर्तमान राजनीतिक परिस्थिति, समृद्धिको कार्यभार, चुनौती तथा सम्भावना, गैरआवासीय नेपाली नागरिकताको व्यवस्था तथा नेपाली डायस्पोराको भूमिकाबारे धारणा राखेका थिए।

कार्यक्रममा विभिन्न नेपाली सङ्घसंस्थाका प्रतिनिधि, व्यवसायी, इन्जिनियर, चिकित्सक,प्राध्यापकलगायत को सहभागिता थियो ।रासस

# कोशी प्रदेशसभाबाट प्रतिस्थापन विधेयक पारित

**विराटनगर।**
कोशी प्रदेशसभाबाट 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८२' सर्वसम्मतले पारित भएको छ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डरीले सोमवारको बैठकमा उक्त विधेयक पारित गरियोस् भनी गरेको प्रस्तावलाई सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेका थिए।

उक्त विधेयकमा कुनै पनि संशोधनको प्रस्ताव संसद् सचिवालयमा दर्ता नभएको र सो विधेयकमा दफावार छलफलमा पनि कुनै पनि सांसदले सहभागी जनाउनु भएनन्।

सभामा 'महालेखा परीक्षकको सातौँ वार्षिक प्रतिवेदन, २०८२' मुख्यमन्त्री हिक्मतकुमार कार्कीका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री भण्डारीले सदनमा पेस गरेका थियो।

सभाको शून्य समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट सदस्य रमेशकुमार बस्नेतले देशकै सबैभन्दा ठूला बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई राजनीति क्षेत्रबाट मुक्त राख्नुपर्ने बताए।

उनले नागरिकको उपचार तथा विशेषज्ञ स्वास्थ्य सेवामा समर्पित यो संस्थामा वार्षिक पाँच लाख नागरिकले बहिरङ्ग सेवा र लगभग ४५ हजार नागरिकले आकस्मिक सेवा लिने गरेको प्रतिष्ठान नेपाल र भारतका निम्ति नमूनायोग्य छ भने । जम्मा ९१५ वटा शय्या रहेको यो प्रतिष्ठानलाई विवादरहित राख्नुपर्ने धारणा राखे । उनले निजामती कर्मचारी ऐनमा 'कुलिङ पिरिएड'मा भएको त्रुटिमा कसैले जिम्मेवारी नलिनु अस्वाभाविक हो भन्दै गल्ती गर्नेलाई कारबाही हुनुपर्छ भने।

प्रदेशसभा सदस्य राजन किरातीले कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले कर्मचारीहरूसँग रकम माग्ने गरेको र रकम नदिए सरुवा गरिदिने समाचार सामाजिक सञ्जालमा छ्यापछ्याप्ती आइरहेकाले सरकारले छानबिन गर्नुपर्ने माग गरे । सदस्यहरू गोपालबहादुर बस्नेत, किशोरचन्द्र दुलाल, शोभा चेम्जोङ र ललिताकुमारी चौधरीले पनि विविध विषयमा आफ्ना धारणा राखेका थिए। अर्को बैठक भोलि बिहान ११ बजे बस्नेछ।रासस

# लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन जरुरी: राष्ट्रपति

**काठमाडौं।**
राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक स्थायित्व मार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको जनआकांक्षलाई पूरा गर्नु नै साझा दायित्व भएको बताएका छन्।

मानव अधिकार तथा शान्ति समाजले आयोजना गरेको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार २०८१ सर्मपर्ण समारोहलाई सम्बोधन गर्दै उनले सुशासनको प्रत्याभूतिसहित शान्ति, न्याय र स्वतन्त्रताको अनुभुति आम नागरिकमा गराउन जरुरी रहेको बताएका हुन्।

राष्ट्रपति पौडेलले हामीले रोजेको लोकतान्त्रिक शासन प्रणालीलाई जीवन पद्धतिकारुपमा अवलम्बन गरी लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउँदै यसको जरा अझ गहिरो बनाउनु आजको आवश्यकता भएको बताए।

उनले सामाजिक न्यायको लागि मानव अधिकार तथा शान्ति समाजको अभियान र योगदान महत्वपूर्ण रहेको भन्दै नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ र शान्ति प्रक्रियामा समाजले निर्वाह गरेको भूमिकाको प्रशंसा गरे।

सो कार्यक्रममा शान्ति समाजले प्रदान गर्ने कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार २०८१ बाट सामाजिक न्यायका अभियन्ता एवं पूर्व राजदूत पदम सुन्दासलाई पुरस्कृत गरेका थिए।

# प्रधानमन्त्रीसँग स्विट्जरल्यान्डका विदेशमन्त्रीको भेट



**काठमाडौँ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग स्विट्जरल्यान्डका सङ्घीय विदेशमन्त्री इग्नाजिओ डानियल जिओभान्नी क्यासिसले सोमवार शिष्टाचार भेट गरेका छन ।प्रधानमन्त्री निवास, बालुुवाटारमा भएको उक्त भेटमा दुई देशबीचको मित्रवत् सम्बन्धलाई अझ मजबुद बनाउँदै विकासका क्षेत्रमा सहकार्य जारी राख्ने विषयमा छलफल भएको थियो।

मन्त्री क्यासिसले नेपालको विकास, सङ्घीयता सबलीकरण, सङ्क्रमणकालीन न्याय, जलवायु परिवर्तन, विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा आफ्नो सहयोग निरन्तर रहने बताए।

प्रधानमन्त्री ओलीले नेपालमा लामो समय हिंसात्मक र अस्थिर राजनीति रहे पनि अहिले दुई ठूला दलको सहकार्यमा विकास, सुशासन र लोकतान्त्रिक प्रणालीको रक्षाको ध्येयसहित सरकार बनेकाले स्थितिमा क्रमिक सुधार आएको बताए । उनले नेपालको विकासमा स्विस सरकारको निरन्तर सहयोगका लागि धन्यवाद दिए । भेटका अवसरमा नेपालका लागि स्विट्जरल्यान्डका राजदूत डा डानियल मेउल्ली, परराष्ट्र मन्त्रालयका अधिकारी लगायतको उपस्थिति रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। रासस

# विदेशमा श्रम गर्न जानेलाई गरिएको ठगीको नियमन गर्न सांसदको माग

**काठमाडौँ।**
सांसदहरुले वैदेशिक रोजगारीमा गएका नेपालीमाथि म्यानपावर कम्पनीलगायतले ठगी गरिरहेको उल्लेख गर्दै दोषीलाई कारबाहीको माग गरेका छन।

प्रतिनिधिसभाको सोमवारको बैठकको विशेष समयमा सांसद रमा कोइराला पौडेलले मलेसियामा रहेका चार लाख नेपालीले दुःख पाएको विषयमा सरकारको ध्यानाकर्षण गराए । वैधानिक बाटोबाट सुरक्षा गार्डको काममा गएकालाई सम्झौताभन्दा कम पारिश्रमिक दिएको पाइएकाले दोषीलाई कारबाही गर्न माग गरे।

विदेशमा पनि केहीले मिटरब्याजका नाममा श्रमिकको शोषण गरिरहेको आफूले मलेसिया भ्रमणका क्रममा पीडितहरुबाट जानकारी पाएको उल्लेख गर्दै सरकारको ध्यानाकर्षण गराए।

सांसद सूर्यबहादुर थापा क्षत्रीले संसदीय छानबिन समितिको प्रतिवेदनका आधारमा सहकारी ठगीमा मुछिएकालाई कानुनी कारबाहीको दायरामा ल्याउन संरचना निर्माण भए पनि भइरहेका गतिविधिका बारेमा नियमित रुपमा संसदमा जानकारी गराउन माग गरे। सहकारी ठगी गरी विदेशमा गएकालाई पक्राउको प्रक्रिया सुरु गर्नुपर्ने र यससम्बन्धी विवरण गृहमन्त्रीले नियमित रुपमा संसद्मा जानकारी गराउनुपर्ने उनको माग छ।

सांसद महेन्द्रबहादुर शाहीले कर्णाली राजमार्गको सुधार गर्न माग गरे । त्रिभुवन विश्वविद्यालयमा देखिएका समस्या समाधान गर्न पनि सांसद शाहीले सरकारको ध्यानाकर्षण गराए। केही दिनअघि संसदीय समितिबाट अवलोकन भ्रमणमा जाँदा विश्वविद्यालयको महिला छात्रावासलगायत स्थलमा समस्या देखिएकाले त्यसको समाधान गर्नुपर्नेमा जोड दिए।

सांसद मेटमणि चौधरीले दाङको लमही बजारलाई व्यवस्थित गर्न माग गरे। सांसद रञ्जुकुमारी झाले मधेस प्रदेशको सर्लाही प्रहरी प्रमुखले असार ९ गते पूर्वप्रदेशसभा सदस्यको घर परिवारलाई गरेको व्यवहारप्रति असन्तुष्टि व्यक्त गरिन। उक्त घटनाबारे सत्यतथ्य छानबिन गर्न उनको माग छ।रासस

# प्रस्तावित न्यायाधीश र न्यायपरिषद् सदस्यको नाम अनुमोदन

**काठमाडौँ।**
संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतका प्रस्तावित तीन न्यायाधीश र न्याय परिषद्को सदस्यको सुनुवाइ अनमोदन गरेको छ । समितिको आजको बैठकले न्यायाधीशमा प्रस्तावित वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापाको नाम अनुमोदन गरेको समितिका सहसचिव निर्मलादेवी लामिछाने वस्तीले जानकारी दिए।

समितिले न्याय परिषद् सदस्यमा प्रस्तावित महेशकुमार नेपालको नाम पनि अनुमोदन गरेको छ । प्रस्तावित न्यायाधीश र सदस्यको अवधारणा र सोच तथा प्राप्त उजुरीमाथि छलफल गरी समितिले सर्वसम्मत रूपमा उहाँहरूको नाम अनुमोदन गरेको हो।

यसअघि समितिले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियासँग न्यायाधीश तथा संवैधानिक निकायमा हुने नियुक्तिलाई समावेशी तुल्याउने विषयमा ध्यान दिन सुझाव दिएको थियो । त्यस अवसरमा मन्त्री चौरसियाले न्यायालय र संवैधानिक निकायमा हुने नियुक्तिलाई समावेशी बनाउन संसद्ले लिएको सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे।रासस

# खावाको कृषि पकेट क्षेत्रमा सुन्तलाको बिरुवा वितरण



**भोजपुर ।**
भोजपुरको टेम्केमैयुङ गाउँपालिका–५ खावाको कृषि पकेट क्षेत्रमा सुन्तलाका बिरुवा वितरण गरिएको छ । वडा कार्यालयले यहाँ सुन्तलाखेती विस्तार गर्न किसानलाई अनुदानमा बिरुवा वितरण गरेको हो । केराबारी र रेम्बुकमा सुन्तलाको व्यावसायिक खेती प्रवद्र्धन गर्ने उद्देश्यले किसानलाई सुन्तलाको बिरुवा वितरण गरिएको वडाध्यक्ष सुनिल राईले बताए ।

कृषि पकेट कार्यक्रम अन्तर्गत वडाले दुई लाख रुपैयाँ विनियोजन गरेर किसानलाई बिरुवा वितरण गरेको वडाध्यक्ष राईले जानकारी दिए ।

वडामा भूगोल सुहाउँदो खेती प्रणालीमा जोड दिएको उनको भनाइ छ ।

'किसानको आय वृद्धि र उत्पादन बढाउने उद्देश्यले व्यवस्थित योजनासहित अघि बढिरहेका छौँ' वडाध्यक्ष राईले भने,'हामीले व्यावसायिक कृषिमा लाग्ने किसानलाई लक्षित गरेर कृषि पकेट क्षेत्र निर्धारण गरेका छौँ । सोही आधारमा बर्सेनि कृषिमा लगानी गरिरहेका छौँ ।'

वडाध्यक्ष राईका अनुसार ७५ प्रतिशत वडा र २५ प्रतिशत किसानको लागत साझेदारीमा बिरुवा खरिद गरिएको हो ।

मागको आधारमा पहिलो चरणमा यहाँका ३६ जना किसानलाई एक हजार छ सय वटा सुन्तलाको बिरुवा वितरण गरिएको छ ।

पकेट क्षेत्रका करिब डेढ सय किसान सुन्तला खेतीमा आबद्ध छन् । वडाले व्यावसायिक कृषि विस्तारका लागि विभिन्न उपाय अवलम्बन गर्दै आएको जनाएको छ ।

विगत दुई वर्षमा मझौले, चोलन्ती, खावा भञ्ज्याङ र रमिते क्षेत्रमा किबी खेती प्रवद्र्धन गर्न करिब दुई हजार किबीका बिरुवा वितरण भइसकेको छ । सुन्तला र किबी खेतीलाई निरन्तरता दिँदै वडाले रोग नियन्त्रण औँजार, औषधि, तालिम, जडीबुटी (जस्तै चिराइतो, सुतवा)तथा बीउ वितरण कार्यक्रमलाईसमेत अघि सारेको जनाएको छ । रासस

# उद्यमी प्रोत्साहन गर्न कर्णालीमा प्रादेशिक औद्योगिक प्रदर्शनी

**कर्णाली ।**
श्रम, सीप र सिर्जनासहितको उद्यम, उत्पादन र उत्पादकत्वमा जोड दिने उद्देश्यका साथ कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रादेशिक औद्योगिक प्रदर्शनी आइतबार सम्पन्न भएको छ ।

उक्त प्रदर्शनीको समापन कार्यक्रममा आइतबार प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले प्रदर्शनीले स्थानीय उत्पादन तथा बजारीकरणमा सहयोग पुग्नुका साथै उद्यमीहरुलाई प्रोत्साहन हुने बताए । 'स्थानीय साधन स्रोतको उपयोगबाट उत्पादित वस्तुहरुको प्रवद्र्धन तथा बजारीकरणमा ठूलो सहयोग पुगेको छ' मन्त्री अधिकारीले भने, 'यद्यपि यस्तो महत्त्वपूर्ण कार्यक्रम आगामी आर्थिक वर्षमा जेठ मसान्तभित्र सक्ने गरी सञ्चालन गर्नुपर्दछ ।'

नेपाल सरकार राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्य कमला ओली शिवाकोटीले स्थानीय तथा घरेलु



उत्पादनको वृद्धिले आयात प्रतिस्थापन गर्न सघाउने बताए । उद्यम र उद्यमीको संरक्षण, प्रवद्र्धन र विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्ने सुझाव उनले दिए ।

उद्योग मन्त्रालयका कायमुकायम सचिव शेरबहादुर श्रेष्ठले प्रदर्शनीले कर्णाली प्रदेशभित्रका लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु, परम्परागत तथा सुधारिएको प्रविधिबारे जानकारी दिएको बताए ।

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतका निर्देशक देवीलाल सापकोटाले कृषि तथा खाद्य उत्पादन, वन पैदावर र हस्तकला क्षेत्रका विभिन्न उत्पादनहरु राखिएको प्रदर्शनीले कर्णालीको स्थानीय उत्पादन, प्रवद्र्धन, गुणस्तर, त्यसको ब्राण्डिङ र बजारीकरणमा सहयोग पुग्ने बताए । उनका अनुसार कर्णालीमा लघु, घरेलु तथा साना उद्योग गरेर करिब ३६ हजार उद्योग रहेका छन् ।

उद्योग निर्देशनालयका शाखा अधिकृत सतेन्द्रकुमार यादवले लघु, घरेलु तथा साना उद्योगको प्रवद्र्धन र विकासमा जोड दिएर महिला, अपाङ्गता, एकल महिला र दलितमैत्री उद्योग निर्माणमा जोड दिनुपर्ने बताए । उनका अनुसार कर्णाली सरकारले मेक इन कर्णाली, मेड इन कर्णाली भन्ने नाराका साथ अगाडि बढेको छ ।

प्रदर्शनीमा यहाँ उत्पादित राडीपाखी, दैलेखी सावर जुत्ता, मह, अगरबत्ती, जडिबुटी, यहाँका रैथाने अन्नबाली, अल्लो, लोक्ता, दुना, टपरीलगायतका वस्तुहरु राखिएका थिए । प्रदर्शनीले उद्यमीलाई थप प्रोत्साहन दिएको छ । उक्त प्रदर्शनीमा प्रथम, द्वितीय र तृतीय हुने उद्यमीलाई निर्देशनालयले क्रमश रु ५०, ३० र २० हजार पुरस्कार प्रदान गरेको छ ।

त्यसैगरी, 'कर्णाली प्रादेशिक औद्योगिक प्रदर्शनी २०८२' का अवसरमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय छात्र छात्राहरुलाई रु १५, १० र पाँच हजार नगद पुरस्कार प्रदान गरिएको छ । प्रदर्शनीमा ६५ स्टल राखिएका थिए । सो प्रदर्शनी उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सञ्चालन गरेको थियो । रासस

# नेपाली महिला राष्ट्रिय टोली स्वदेश फर्कियो

**काठमाडौं ।**
एएफसी एसियन कप छनोट २०२६ अस्ट्रेलिया खेल्न उज्बेकिस्तान पुगेको नेपाली राष्ट्रिय टोली स्वदेश फर्किएका छन् ।

शनिबार सम्पन्न अन्तिम खेलमा घरेलु टोलीसँग पेनाल्टी सुटआउटमा ४–२ ले पराजित भएपछि सोमबार टोली स्वदेश फर्किएका हुन् ।

सोही क्रममा राष्ट्रिय टोलीकी क्याप्टेन साबित्रा भण्डारी (साम्बा) ले माथिल्लो तहको टिमसँग खेलेको हिसाबमा समग्र नतिजा हेर्दा खेल सकारात्मक नै भएको बताएकी छन् ।

उनले खेलमा नेपाली टालीको प्रस्तुती देखेर सबैले सकारात्मक नै कुरा गरेको भन्दै यसले अझै प्रोत्साहित गरेको बताइन् ।

उनले भनिन्, 'समग्रमा नतिजा हेर्ने हो भने हामीभन्दा माथिल्लो तहको टिमसँग राम्रो नै खेलेको देखिन्छ । यसले सकारात्मक सन्देश दिएको छ । हामीले खेलेको देखेर सबैले सकारात्मक नै कुरा गर्नु भएको छ, यसले पनि हामी प्रोत्साहित छौ ।'

साथै, प्रतियोगिता नेपाली फुटबलको लागि एकदमै ठूलो अवसर रहेको भन्दै परिणाम दिन नसकेको कुराले सँधै सताइरहने पनि उनको भनाइ छ ।

उनले भनिन्, 'यो खेल एकदमै ठूलो अवसर थियो । राम्रो खेलेका थियौं जस्तो लागेको थियो । तर राम्रो परिणाम दिन सकेनौ । यो कुराले सताइ रहन्छ ।'

२६ वर्षपछि एसियन कपमा पुग्ने लक्ष्यसहित उज्बेकिस्तान पुगेको टोली शनिबार सम्पन्न अन्तिम खेलमा घरेलु टोलीसँग पराजित हुन पुगेको थियो ।

योसँगै उज्बेकिस्तानले अपराजित रहँदै २२ वर्षपछि एसियन कपमा स्थान बनायो । नेपालले भने एसियन कपसँगै ओलम्पिक र विश्वकपको मौकासमेत गुमाएको छ । नेपालले लाओसलाई ९–० र श्रीलंकालाई ८–० ले पराजित गरेको थियो ।

# थारु समुदायको भान्सामा हराउँदै 'फुटकी च्याउ' को स्वाद

**कञ्चनपुर ।**
वर्षायामको सुरुवातसँगै कञ्चनपुरका थारु समुदायका भान्सामा विशेष स्थान ओगट्ने फुटकी च्याउको तरकारी अब स्वादभन्दा पनि सम्झनामा मात्र सीमित बन्न थालेको छ ।

सालका वन क्षेत्रमा डढेलो लागेको वर्ष फुटकी प्रशस्तै पाइन्थ्यो । तर, अहिले भने पाउनै मुस्किल भइसकेको छ । 'वर्सात सुरु भएपछि महिला र बालबालिकाको हुल वनतिर लाग्थ्यो, एकैचोटि धेरै सङ्कलन गर्थे,' स्थानीय हवलदार चौधरीले भने, 'अहिले त्यो दृश्य विरलै देख्न पाइन्छ ।'

वन क्षेत्रमा प्रवेशमा कडाइ, जलवायु परिवर्तन र मानवीय चापका कारण फुटकी लोपोन्मुख बन्दै गएको उनको भनाइ छ । सामुदायिक वनमा अनुमतिबाट मात्रै र निकुञ्ज क्षेत्रमा प्रवेश निषेध हुँदा लुकीचोरी जानेले समेत फुटकी च्याउ भेटिन छाडेको बताउने गरेका छन् ।

स्थानीय भाषामा 'पटपुरा' भनिने



फुटकीलाई थारु समुदायले अनेकौँ परिकारमा प्रयोग गर्छन् । जसमा झोलयुक्त तरकारी, अचार, सेकुवा, भुटुवा, सुकुटी, पकुवा हुने गर्दछ । गहुँ वा चामलको पिठोमा मिसाएर फुटकी पकाइने परिकारलाई थारु समुदायले कपुवा भन्ने गर्दछन् ।

थारु समुदायमा कुन च्याउ खान योग्य छ, भन्ने ज्ञान पुस्तौंदेखि पुस्तान्तरण हुँदै आएको छ । यही ज्ञानले उनीहरूलाई वनस्पति स्रोतको सुरक्षित र सन्तुलित प्रयोगमा दक्ष बनाएको हवलदार बताउछन । बजारमा फुटकीको अभाव हुँदा अहिले यसको मूल्य प्रतिकिलो चार सयदेखि एक हजार तीन सय रुपैयाँ सम्म पुगेको बन्धुराम चौधरीले बताए ।

'प्रकृति पूजक थारु समुदायले जङ्गलमा पाइने च्याउ, जडीबुटीलगायतका वस्तुहरूलाई परम्परागत रूपमा भान्सामा स्थान दिएका छन, उनले भने, 'तर अहिले वन क्षेत्रमा यी स्रोतहरू घट्दो छ ' ।' थारु समुदायका अगुवा परदेशी चौधरीका अनुसार फुटकी 'फङ्गस' वर्गको च्याउ हो । बर्सातको बेला अनुकूल वातावरणमा उम्रिने फुटकीमा प्रोटिन प्रचुर मात्रामा पाइन्छ । पचाउन सजिलो भएकाले स्वास्थ्यका लागि पनि उपयोगी मानिन्छ ।

थारु समुदायमा 'जलेवा' र 'भोटैल' गरी दुई प्रकारका फुटकी चिनिन्छन् । जलेवा सेतो रङ्गको हुन्छ भने भोटैल कालो वा खैरो हुन्छ । बुढापाकाका अनुसार मयुरले पनि फुटकीको गुदी भाग विशेष रूपमा रुचाउने गर्छ ।

'फुटकी च्याउ केवल एक मौसमी परिकार मात्र नभई थारु समुदायको संस्कृतिसँग गाँसिएको जीवनशैलीको अभिन्न अंशका रुपमा रहेको छ', थारु अगुवा रेवन चौधरीले भने, 'जुन अहिले लोपोन्मुख अवस्थामा छ, यसको संरक्षण आवश्यक छ ।' रासस

# टेक्सासको विनाशकारी बाढीः ८२ को मृत्यु, ४१ जना बेपत्ता

**काठमाडौं ।**
अमेरिकाको टेक्सास हिल कन्ट्रीमा आएको विनाशकारी बाढीले कम्तीमा ८२ जनाको ज्यान गएको छ ।

अधिकारीहरूका अनुसार ८२ जनाको ज्यान गएको छ भने ४१ जना अझै बेपत्ता छन् ।

टेक्सासको विनाशकारी बाढीले विभिन्न काउन्टीहरूमा ठूलो जनधनको क्षति पु¥याएको छ। केर काउन्टीमा सबैभन्दा बढी ६८ जनाको मृत्यु भएको छ। ट्राभिस काउन्टीमा ६ जना, बर्नेट काउन्टीमा ३ जना, केन्डल काउन्टीमा २ जना, विलियमसन काउन्टीमा २ जना र टम ग्रीन काउन्टीमा १ जनाको मृत्यु भएको पुष्टि भएको छ।

स्थानीय समयानुसार शुक्रबार बिहान ग्वाडालुप नदीमा बाढी आएको थियो। केर काउन्टीको क्याम्प मिस्टिक, बालबालिकाको ग्रीष्मकालीन शिविरबाट करिब एक दर्जन व्यक्ति अझै बेपत्ता रहेको अधिकारीहरूले जानकारी दिएका छन्। मृतकमा ४० वयस्क र २८ बालबालिका छन्। मृतकमध्ये १८ वयस्क र १० बालबालिकाको पहिचान हुन बाँकी छ।

१६० भन्दा बढीको हवाई उद्धार गरिएको छ। आठ सय ५० जना घाइते नभएका र ८ जना घाइतेलाई उद्धार गरिएको छ।

# कृषि कर्जालाई सरलीकृत गरिदिन मन्त्री अधिकारीको आग्रह

**काठमाडौँ।**
कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले कृषि कर्जालाई सरलीकृत बनाउने गरी आवश्यक प्रबन्ध गरिदिन नेपाल राष्ट्र बैकलाई आग्रह गरेका छन । केन्द्रीय बैकका गर्भनर डा विश्वनाथ पौडेलसँगको आइतबार भएको छलफलमा मन्त्री अधिकारीले कृषिमार्फत गरिबी हटाउनका लागि बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने भएकाले साना किसानले पनि सरल र सहज किसिमले ऋण प्राप्त गर्ने प्रावधानको आवश्यकता औँल्याए ।

'कृषि ऋणको सही उपयोग भयो कि भएन यसको प्रभावकारी अनुगमनका लागि म नेपाल राष्ट्र बैक समक्ष अनुरोध गर्दछु' मन्त्री अधिकारीले भने । मन्त्री अधिकारीले कसैले ऋण नपाउने



पाउनेले अन्य प्रयोजनमा लगाउने अवस्था आउन नहुनेमा जोड दिए । सरकारी स्वामित्वका बैंकहरुले पनि कृषि कर्जा बढाउनुपर्ने र राष्ट्र बैंकको कृषि कर्जा सम्बन्धमा गरिएको व्यवस्थाको पालना उनीहरुले गर्नपर्नेमा मन्त्री अधिकारीले जोड दिए ।

नेपाल राष्ट्र बैंकका गर्भनर डा पौडेलले हाल कृषिमा भएको लगानीको सदुपयोग हुन नसकिरहेको सन्र्दभमा आफनो पनि चासोको विषय भएकाले प्रतिफल आउने गरी काम गर्न जरुरी रहेको बताए ।

किसानलाई व्यावसायिक नवनाई कृषिमा भएको लगानीको प्रतिफल प्राप्त हुन नसक्ने भएकाले प्रतिफल आउने गरी लगानीको आवश्यकतामा गर्भनर डा पौडेलले जोड दिए । उनले आफू हालै विभिन्न जिल्लामा जाँदा माटो खेलाउनेले कृषि क्रण नपाउने, कागज खेलाउनेले क्रण पाउने गरेको गुनासो पनि सुनेको बताए । रासस

# लगातार ६ दिन बढेको नेप्से करेक्सन पछि घट्यो

**काठमाडौं ।**
पछिल्लो ६ कारोबार दिनदेखि बढिरहेको नेप्से परिसुचक आज दोस्रो कारोबार दिन करेक्सन भएपछि घटेको छ । पछिल्लो ६ दिनमा नेप्से परिसूचक ११०.५९ अंक बढेको थियो । तर यस दिनभने लगानीकर्ताहरुले नाफा सुरक्षित गर्दा करेक्सन देखिएको हो । आईतबार २७०६.३६ बिन्दुमा रोकिएको नेप्से परिसुचक आज २२.३५ अंक घटेर २६८४.०१ विन्दुमा झरेको छ ।

अघिल्लो कारोबार दिन अर्थात आइतबार साढे ९ ९ अर्ब ५० करोड ३ हजार २६८ रुपैयाँ बराबरको २ करोड ७१ लाख ३२ हजार ३०८ कित्ता शेयर खरिद विक्री भएकोमा आज ३११ स्टकको ७१ हजार ३१३ पटकको कारोबारमा ८ अर्ब ३७ करोड ७३ लाख २७ हजार रुपैयाँबराबरको १ करोड ९४ लाख १५ हजार कित्ता शेयर खरिदबिक्री भएको छ ।

यस दिन सेन्सेटिभ इण्डेकस ४.१३ अंक घटेको छ भने फ्लोट इण्डेक्स १.६२ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स १.३९ अंक घटेको छ ।

यस दिन माथिल्लो मैलुङ्ग खोला जलविद्युत कम्पनीको शेयरमूल्य सर्वाधिक ६.५६ प्रतिशत बढेको छ । त्यसैगरी, यस दिन कर्पोरेट डेभलपमेन्ट बैंकको शेयरमूल्य ६ प्रतिशतभन्दा बढी बढेको छ भने भगवती हाइड्रोपावरको शेयरमूल्य ४ प्रतिशत बढेको छ। कारोबारमा आएको राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सनको शेयरमूल्य यस दिन सर्वाधिक १० प्रतिशत घटेको छ ।

कारोबार रकमका आधारमा यस दिन नेपाल पुनर्बीमा कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको यस दिन ८० करोड ७० लाख रुपैयाँबराबरको शेयर कारोबार भएको छ। त्यस्तै, यस दिन गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको साढे ४१ करोडभन्दा बढीको शेयर किनबेच भएको छ भने एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको कारोबार रकम २४ करोड नाघेको छ ।

# कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा विभिन्नमा मितिमा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन)** अर्थात **मिती २०८२/०४/०७ गते बुधबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

## तपसिल

**१)ऋणीको नाम, ठेगाना**

क) स्व. शिवधर साहको नाती, स्व. जगरनाथ साहको छोरा बिरंचीबर्वा गा.वि.स वार्ड.नं.९, पर्सा (हाल बिरंचीबर्वा गा.वि.स वार्ड.नं.५) पर्सा, बस्ने (ना.प्र.न.१५९०१५२५ जारी मिति २०५९/०३/०२. जि.प्र.का. पर्सा) बर्ष ४१ को प्रमोद प्रसाद कानु।

**कर्जाको प्रकार:- कृषि कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) स्व. शिवधर साहको बुहारी, स्व. जगरनाथ साह कानुको श्रीमती बिरंचीबर्वा गा.वि.स वार्ड.नं.९, पर्सा (हाल बिरंचीबर्वा गा.वि.स वार्ड.नं.५) पर्सा, बस्ने (ना.प्र.न. १५९००९३७ जारी मिति २०४४/१२/१९. जि.प्र.का. पर्सा) बर्ष ७२ को देव कुमारी कनुईन को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बिरञ्चीबर्वा वडा नं ९ स्थित किता नं ८१२ र ८२४ को जम्मा क्षेत्रफल क्रमश: ०-१-१०-० वर्ग मिटर र ०-३-७-८ वर्ग मिटर।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) स्व. शिवधर साहको नाती, स्व. जगरनाथ साहको छोरा बिरंचीबर्वा गा.वि.स वार्ड.नं.९, पर्सा (हाल कालिकामाई गा.वि.स वार्ड.नं.५) पर्सा, बस्ने (ना.प्र.न.३४-०१-७२-०१५०६ जारी मिति २०७२/०२/२४ जि.प्र.का. पर्सा) बर्ष २८ को अवास साह गुप्ता।

ख) स्व. शिवधर साहको बुहारी, स्व. जगरनाथ साह कानुको श्रीमती बिरंचीबर्वा गा.वि.स वार्ड.नं.९, पर्सा (हाल कालिकामाई गा.वि.स वार्ड.नं.५) पर्सा, बस्ने (ना.प्र.न. १५९००९३७ जारी मिति २०४४/१२/१९. जि.प्र.का. पर्सा) बर्ष ७२ को देव कुमारी कनुईन।

ग) स्व. जगरनाथ साहको बुहारी, प्रमोद प्रसाद कानुको पत्नी हाल कालिकामाई गा.वि.स वार्ड.नं.५, पर्सा बस्ने (ना.प्र.न. **३४-०१-७५-०३४७६** जारी मिति **२०७५/०३/१३**. जि.प्र.का. पर्सा) बर्ष ३१ को रोशनी देवी।

घ) स्व. शिवधर साहको नाती, स्व. जगरनाथ साहको छोरा बिरंचीबर्वा गा.वि.स वार्ड.नं.९, पर्सा (हाल कालिकामाई गा.वि.स वार्ड.नं.५) पर्सा, बस्ने (ना.प्र.न.३४१०२१/२६ जारी मिति २०६४/०७/११ जि.प्र.का. पर्सा) बर्ष ३४ को सुवाष प्रसाद कानु।

**२)ऋणीको नाम, ठेगाना**

क) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०७९ साल असार महिना ०९ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यलय ,पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४३४४७/०७८/७९, अन्तर्गत दर्ता कायम भई धोबीनी गाउँपालिका वडा नं. ०४, लगंडी ,पर्सा कार्यालय रहेको **सिक्का हार्डवेयर**।

**कर्जाको प्रकार:- व्यापारीक अधिविकर्ष कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) स्व. दशइ सा कानुको नाती, स्व. शिवधर सा कानुको छोरा जिल्ला पर्सा, गा.वि.स. कलिकामाई, वडा नं.०५, मा बस्ने (ना.प्र.न.१५९७०९२६, मिति २०४४/१२/०२ जि.प्र.का.पर्सा) बर्ष ८९ को **मोहन सा कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०९ स्थित रहेको किता नं. ४९२ र ४९१ को जम्मा क्षेत्रफल क्रमश: ०-१३-०-० र ०-६-०-० को घर जग्गा र जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०५ स्थित रहेको किता नं. ८२७ को जम्मा क्षेत्रफल ०-४-०-० को घर जग्गा।

**व्यक्तिगत जमानीकर्ताहरु तथा प्रोप्रइटर :**

क) स्व. शिवधर सा कानुको नाती, मोहन साह कानुको छोरा जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०९ मा बस्ने (ना.प्र.न.१५९००९३०, मिति २०३७/०२/२४ जि.प्र.का.पर्सा) बर्ष ६६ को **जय बालक सा कानू**।

ख) मोहन साह कानुको नाती, जय बालक साह कानुको छोरा जिल्ला पर्सा, जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०९, मा बस्ने (ना.प्र.न.१५९०१५२४, जारी मिति २०५९/०३/०२ जि.प्र.का.पर्सा) बर्ष ४१ को विजय साह।

ग) स्व. शिवधर सा कानुको बुहारी, मोहन सा कानुको पत्नि ,जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०९, मा बस्ने (ना.प्र.न.१५९००९२७, जारी मिति २०४४/११/२७ जि.प्र.का.पर्सा) बर्ष ८८ को माया देवी कनुईन।

घ) स्व. दशइ सा कानुको नाती, स्व. शिवधर सा कानुको छोरा जिल्ला पर्सा, बिरन्चीबर्वा वडा नं ०९, हाल कलिकामाई, वडा नं.०५, मा बस्ने (ना.प्र.न.१५९७०९२६, मिति २०४४/१२/०२ जि.प्र.का.पर्सा) बर्ष ८९ को **मोहन सा कानु**।

ङ) मोहन साह कानुको नाती, जय बालक साह कानुको छोरा जिल्ला पर्सा बिरन्चीबर्वा वडा नं ०९, मा बस्ने (ना.प्र.न.३४-०१-७०-०८६८९, जारी मिति २०७०/०७/१३ जि.प्र.का.पर्सा) बर्ष ३४ को संजय साह।

च) जय बालक सा कानुको बुहारी, विजय साहको पत्नि, जिल्ला पर्सा, कलिकामाई वडा नं.०५, मा बस्ने (ना.प्र.न.३४-०१-७८-०६८८८, जारी मिति २०७८/०७/१४ जि.प्र.का.पर्सा) बर्ष ३९ को सरोज कुमारी।

छ) मोहन सा कानुको बुहारी, जय बालक सा कानुको पत्नि, जिल्ला पर्सा, बिरन्चीबर्वा वडा नं ०९, मा बस्ने (ना.प्र.न.१५९००९३१, जारी मिति २०४४/११/२७ जि.प्र.का.पर्सा) बर्ष ६२ को सुगी देवी कनुईन।

ज) जय बालक साह कानुको बुहारी, संजय साहको पत्नि, जिल्ला पर्सा, गा.वि.स. कलिकामाई, वडा नं.०५ बस्ने (ना.प्र.न. ३४-०१-७५-०३४९०, जारी मिति २०७५/०३/१३ जि.प्र.का. पर्सा) बर्ष ३० की सिक्का देवी कानु।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साउन ०६ गते मंगलबार दिउँसो ४:०० बजे सम्म।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ साउन ०७ गते बुधबार दिउँसो ४:०० बजे सम्म।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज।
टेडारोड, चोर्नी, (जीतपुर)।

# कम वर्षाका कारण धान रोपाइँ घट्यो

**मधेशदृष्टि**
**वीरगंज।**
नेपालका अन्न भण्डारणको मुख्य स्रोत मानिने तराई–मधेशमा यो वर्ष अत्यधिक कम वर्षाका कारण धान रोपाइँ उल्लेखनीय रूपमा घटेको छ। कृषि विभागका अनुसार, पोहोर असार २० सम्म मधेशमा २५.५ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो भने यो वर्ष सोही अवधिमा मात्र १३.६ प्रतिशत रोपाइँ भएको छ।

कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलले मधेशमा यो वर्ष बर्सात नहुँदा सिँचाइ सुविधा उपलब्ध क्षेत्र बाहेक अन्यत्र रोपाइँ हुन नसकेको बताएका छन्। विभागका अनुसार मुलुकभर अहिले करिब ४२ प्रतिशत धान रोपाइँ भएको छ। यो गत वर्षको ४३.५ प्रतिशतभन्दा थोरै कम हो। धान रोपाइँ हुने कुल १३ लाख ८७ हजार हेक्टर क्षेत्रफलमध्ये अहिलेसम्म ५ लाख ८० हजार हेक्टरमा मात्रै रोपाइँ सम्पन्न भएको छ। प्रदेशगत रुपमा हेर्दाः सबैभन्दा धेरै रोपाइँ सुदूरपश्चिम प्रदेशमा ८२.८ प्रतिशत, सबैभन्दा कम मधेश प्रदेशमा १३.६ प्रतिशत भएको छ।

# लागूऔषधसहित दुई युवक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरीले लागूऔषधसहित दुई युवकलाई नियन्त्रणमा लिई नेपाल प्रहरीलाई बुझाएको छ। रौतहटको गुजरा नगरपालिका–३ जङ्गलसैया सिम्री भित्री सडकखण्डस्थित जङ्गल क्षेत्रमा असार २१ गते साँझ करिब सवा ६ बजे सशस्त्र प्रहरी बल नेपाल फर्वार्ड सुरक्षा बेस जङ्गलसैयाबाट गस्तीमा खटिएको टोलीले शंका लागेर चेकजाँच गर्दा झोलामा लुकाइएको लागूऔषध फेला पारेको हो। सशस्त्र प्रहरीले पक्राउ गरेका १८ वर्षीय माइला भन्ने नवबहादुर वाइवा र १९ वर्षीय दावा योञ्जन रहेका छन्। दुवैजना बारा जिल्लाको निजगढ नगरपालिका–८ निवासी छन्। ४ सय ४८ थान विभिन्न प्रकारका लागूऔषध उनीहरूको झोलाबाट बरामद गरिएको सशस्त्र प्रहरी बल नम्बर ११ गण हेडक्वाटर रौतहटका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सन्तोष बस्नेतले जानकारी दिए। पक्राउ परेका दुवैजनालाई आवश्यक अनुसन्धान र कानूनी प्रक्रिया अघि बढाउन नेपाल प्रहरीलाई जिम्मा दिइएको छ।

# संविधान संशोधनमा कांग्रेसको पुनः प्रतिबद्धता, कार्यदल गठन हुँदै

**मधेशदृष्टि**
**काठमाडौं।**
नेपाली कांग्रेसले संविधान संशोधनको मुद्दामा पार्टी इमान्दारीपूर्वक र दृढतापूर्वक प्रतिबद्ध रहेको बताउँदै त्यसलाई अघि बढाउन विशेष कार्यदल गठन गर्ने निर्णय गरेको छ। कांग्रेस केन्द्रीय समितिको चार दिनसम्म चलेको बैठक सोमबार सकिएको हो।

१६ असारदेखि शुरु भएको बैठकले पछिल्लो समय एमालेसँग गरिएको सात बुँदे सहमति अनुरूप संविधान संशोधनका पक्षमा पुनः प्रतिबद्धता जनाउँदै सरकारलाई आवश्यक नीतिगत सुधार र संवादको वातावरण सिर्जना गर्न पनि आग्रह गरेको छ।

बैठकपछि जारी निर्णयमा भनिएको छ, 'नेपाली कांग्रेसको नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको रक्षा एवम् कार्यान्वयन प्रमुख दायित्व र जिम्मेवारी हाम्रो नै हो भन्ने कुरामा नेपाली कांग्रेस स्पष्ट र पूर्ण प्रतिबद्ध छ।'

कांग्रेस र एमालेबीच सरकार गठनका क्रममा भएको सात बुँदे सहमतिमा संविधान प्रारम्भपछि देखिएका सबल तथा दुर्बल पक्षको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि आवश्यक संशोधन र त्यसअनुरूपको कानून निर्माण गर्ने विषय उल्लेख गरिएको थियो। यसै सन्दर्भमा कांग्रेसले संविधान संशोधनबारे थप छलफल गर्न पार्टीभित्र कार्यदल बनाउने निर्णय गरेको हो।

कार्यदलले पार्टीभित्र व्यापक छलफल गर्ने मात्र होइन, संविधान निर्माणमा संलग्न अन्य राजनीतिक दल, विज्ञ, नागरिक समाजका प्रतिनिधि र सरोकारवाला निकायहरूसँग पनि संवाद गर्ने जिम्मेवारी पाउनेछ। यही कार्यदल संयुक्त सात बुँदे सहमतिको कार्यान्वयन गर्न बनाइने संयुक्त कार्यदलमा कांग्रेस प्रतिनिधिका रूपमा पनि काम गर्नेछ।

कांग्रेसले समसामयिक जनचासोका विषयमा समेत सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ। मुख्यतः कृषि, व्यापार, सुनचाँदीको नीति, मौसमी पूर्वतयारी, आन्दोलनरत चिकित्सक र व्यवसायीप्रति सरकार उदासिन भएको कांग्रेसको ठहर छ।

कृषिमा मलखादको अभावले किसान मर्कामा परेको भन्दै कांग्रेसले मलखादको तत्काल आपूर्ति सुनिश्चित गर्न सरकारसँग माग गरेको छ। साथै, प्राकृतिक विषादीको प्रयोगलाई प्रवर्धन गर्दै रासायनिक विषादीको मात्रामा कडाइ गर्न समेत सुझाव दिएको छ।

त्यस्तै, कांग्रेसले स्वदेशमै रोजगारी सिर्जना गर्न र आयात–निर्यात सन्तुलन कायम गर्न कानुनी झन्झट र कर प्रणाली सुधार गर्नुपर्ने बताएको छ।

# हँसपुर नगरपालिकामा ५२ लाखभन्दा बढीको भ्रष्टाचार

## ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको हँसपुर नगरपालिका वडा नं. ५ स्थित सुगा निकासदेखि कट्टीसम्मको पीसीसी ढलान निर्माण कार्यमा ठूलो अनियमितता र भ्रष्टाचार भएको पाइएको छ । यस विषयमा तत्कालीन उपप्रमुख रेणु देवी झा, प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत रामलोचन मण्डल लगायत ९ जनाविरुद्ध सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोगमा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ । आ.व. २०७६÷०७७ मा हँसपुर नगरपालिकाले सुगा निकास टोलदेखि कट्टी चोकसम्म पीसीसी ढलान निर्माणका लागि १ करोड विनियोजन गरेको थियो । नगरपालिकाको प्राविधिक टोलीले १ करोड ४८ लाख ४१ हजार ९ सय ४७ रुपैयाँ १४ पैसा लागत अनुमान तयार गरी मूल्य अभिवृद्धि करसहित ९५ लाख २७ हजार ७ सय ९३ रुपैयाँ ६६ पैसा लागतमा निर्माण सम्पन्न गर्ने गरी देव कन्स्ट्रक्सन कम्पनीसँग सम्झौता गरेको थियो । तर, ठेक्का कार्य सम्पन्न गर्ने क्रममा नगरपालिकाको प्राविधिक टोलीले प्रस्तुत गरेको नापी किताव र अनुगमन समितिको सिफारिसमा मूल्य अभिवृद्धि कर सहित ४३ लाख ४० हजार ८ सय ७५ रुपैयाँ ५३ पैसा मूल्यांकन गरी उक्त रकमबाट कर कट्टी गरी ३९ लाख ४१ हजार ३ सय ६१ रुपैयाँ भुक्तानी गरेको थियो । स्थलगत नापजाँचमा भने रामललितको घर अगाडिको पीसीसी ढलानको लम्बाइ २१३ मिटर भनिएको थियो भने वास्तविक नापजाँचमा केवल ४५ मिटर मात्र पाइयो । यस्तै, अर्को स्थान गाछीदेखि पीसीसी ढलान २६० मिटर भनिएको थियो । तर, स्थलगत नापजाँचमा १५४ मिटर मात्र देखिएको थियो । यस किसिमले गलत नापी किताव तयार गरी बढी रकम भुक्तानी गरिएको पाइएको छ । यसबाट ७ लाख ८१ हजार ८ सय १८ रुपैयाँ ३ पैसा बढी भुक्तानी गरिएको र सार्वजनिक सम्पत्ति हिनामिना भएको देखिएको छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत रामलोचन मण्डल लगायतले ठेकेदारलाई भुक्तानी दिन म्याद थप गरेको भए पनि बैंक जमानतको सुरक्षण नगरेको कारण बैंक जमानत जफत हुन नपाएको र यसबाट २८ लाख ४० हजार ३ सय ५० रुपैयाँ हिनामिना भएको देखिएको छ । त्यसैगरी, ठेकेदारलाई पेश्की वापत १६ लाख ५० हजार रकम उपलब्ध गराएकोमा सम्झौता म्याद थप नभएको अवस्थामा उक्त रकम असुल नगरेको कारण पनि हिनामिना भएको प्रमाणित भएको छ । उक्त भ्रष्टाचारको उजुरीका आधारमा गरिएको अनुसन्धानले उपर्युक्त तथ्यहरू उजागर गरेका छन् । आरोपपत्रमा दोषीहरुले आपसी मिलोमतोमा योजना तयार गरी नेपाल सरकार तथा हँसपुर नगरपालिकाको सार्वजनिक सम्पत्तिमा ५२ लाख ७२ हजार १६८ रुपैयाँ ३ पैसा बराबरको हिनामिना गरेको ठहर गरिएको छ । सोमबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गर्दै दोषीहरूमाथि कडा सजाय माग गरिएको छ ।

# संरक्षित वनलाई खुला संग्रहालयका रूपमा विकास गर्ने तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको धार्मिक तथा पर्यटकीय स्थल धनुषाधामस्थित संरक्षित वन क्षेत्रमा नेपालकै दोस्रो ठूलो तथा ऐतिहासिक सखुवाको रुख फेला परेको छ । करिब दुई सय वर्ष पुरानो र १५ फिट गोलाइ भएको उक्त सखुवालाई 'धनुष सखुवा' नाम दिइएको छ । डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहका अनुसार देशकै सबैभन्दा ठूलो सखुवा बाराको भीमनगरमा रहेको 'भीम सखुवा' हो । यसको गोलाइ १८ फिट छ । त्यसपछि दोस्रो स्थानमा पर्ने यो सखुवा जैविक तथा ऐतिहासिक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको जनाइएको छ । गत शुक्रबार मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सखुवाको नामकरण गर्दै 'धनुष सखुवा' को घोषणा गरेका थिए । उनले उक्त वन क्षेत्रलाई खुला संग्रहालयको रूपमा विकास गर्न सकिने बताउँदै त्यसका लागि प्रदेश सरकारले बजेट विनियोजन गरिसकेको जानकारी दिए । मुख्यमन्त्री सिंहले धार्मिक, सांस्कृतिक र पर्यावरणीय त्रिवेणीको रूपमा यो क्षेत्रलाई 'हरित पर्यटनको केन्द्र' बनाउने अभियानमा स्थानीयको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गरे । सवडिभिजन वन कार्यालय धनुषाधामका अधिकृत शङ्करनारायण झाले संरक्षित वन क्षेत्रमा हाल ८ हजार ६८७ वटा रुख रहेको जानकारी दिँदै तीमध्ये २०० भन्दा बढी शताब्दी पुराना सखुवा रुख रहेको बताए । 'कुनै एउटै स्थानमा यति धेरै पुराना रुखहरू पाइने यो सम्भवतः देशकै एकमात्र नमुना वन क्षेत्र हो,' उनले भने । मिथिला वाइल्डलाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलका अनुसार यो वन जैविक विविधताको खजाना हो । यहाँ २८६ प्रजातिका चराचुरुङ्गी, दुर्लभ स्पोटेड इगल, हर्नबिल, किङ कोब्रा, बँदेल, मृगलगायत वन्यजन्तु तथा २७० भन्दा बढी जडीबुटी पाइन्छन् । पर्यावरणविद् सुरेश शर्माले यो वन क्षेत्रलाई शैक्षिक, जैविक र सांस्कृतिक सम्पदाको संगमका रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गर्दै यसको दीगो संरक्षणमा प्रदेश सरकार र सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण गराए । धनुषाधाम धार्मिक रूपमा पनि अत्यन्त पवित्र स्थल मानिन्छ । यहाँ भगवान रामले तोडेको धनुषको अवशेष रहेको जनविश्वास छ । माघे सङ्क्रान्ति, रामनवमी र विवाहपञ्चमीका अवसरमा हजारौं श्रद्धालु दर्शन गर्न आउने गर्दछन् । प्राकृतिक सौन्दर्य, हरियाली वन क्षेत्र, जैविक विविधता र प्राचीन धार्मिक आस्थाले भरिएको धनुषाधामलाई नमुना वन पर्यटन क्षेत्रका रूपमा विकास गर्न सकिने स्थानीयबासीको पनि धारणा छ ।

# पर्साका स्वास्थ्य अधिकृत जयमोद ठाकुर प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला जनस्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत जयमोद ठाकुर पत्रकारमाथि दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका छन् ।

आइतबार क्लासिक ब्यान्क्वेट, वीरगंजमा आयोजित कार्यक्रममा रिपोर्टिङका लागि पुगेका पत्रकारहरूसँग दुर्व्यवहार गरेको आरोपमा ठाकुरमाथि अभद्र व्यवहारको उजुरी जिल्ला प्रहरी कार्यालय पर्सामा दर्ता गरिएको थियो । घटनालगत्तै पर्सा प्रहरीले ठाकुरलाई छलफलका लागि बोलाएको थियो । यद्यपि, छलफलमा सहभागी



पत्रकारहरूका अनुसार कुनै सहमति वा निष्कर्ष ननिस्किएको बताइएको छ । घटनाका प्रत्यक्षदर्शी पत्रकारहरू सन्तोषकुमार कुशवाहा, आरोहणकुमार साह, राजु बैठा, राकेशकुमार साह, अर्जुन चौधरी र आनन्दकुमार पटेलमाथि ठाकुरले कार्यक्रम स्थलमै अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेको आरोप लगाएका छन् । यस घटनाले पर्सा जिल्लाको पत्रकारहरु आक्रोशित बनेका छन् । नेपाल पत्रकार महासंघ पर्सा शाखादेखि प्रदेश र केन्द्रसम्मका पत्रकार संगठनहरूले घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै स्वास्थ्य अधिकृत जयमोद ठाकुरमाथि तत्काल कानुनी कारबाही गर्न माग गरेका छन् । पत्रकार महासंघ पर्साले प्रेस स्वतन्त्रतामाथि कुठाराघात भएको भन्दै दोषीलाई उन्मुक्ति नदिन जिल्ला प्रशासन र प्रहरी प्रशासनसँग आग्रह गरेको छ । स्वास्थ्य क्षेत्रका एक जिम्मेवार व्यक्तिबाट यस्तो व्यवहार हुनु दुःखद मात्र नभई आपत्तिजनक पनि भएको भन्दै पत्रकार समाजले ठाकुरको आचरणमाथि सार्वजनिक क्षमायाचनासहित कारबाहीको माग गरिरहेको छ । हाल प्रहरीको अनुसन्धान जारी रहेको जनाइएको छ ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: वि.सं. २००० असार २० गते

देहावसान: २०८२ असार १२ गते

## स्वर्गीय योगेन्द्र महतो

हाम्रा पिता स्वर्गीय योगेन्द्र महतोको १३औं दिनको पुण्यतिथिको अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । जीवनभर सादगी, सहनशीलता र आदर्श मूल्य–मान्यता बोकेर समाजमा प्रेरणादायी व्यक्तित्वका रूपमा रहनुभएका स्व. महतोको असामयिक निधनले हामी महतो परिवारलाई अपूरणीय क्षति पुगेको छ । उहाँप्रति अन्तिम श्रद्धासुमन अर्पण गर्नुभएका सम्पूर्ण आत्मीयजन, इष्टमित्र, छरछिमेक, समाजका शुभेच्छु व्यक्तित्वप्रति हामी महतो परिवार हृदयदेखि आभार प्रकट गर्दछौं ।

हामी उहाँका सन्तानहरू: दिनेश महतो, राकेश महतो, मुकेश महतो, बुहारीहरू: किरण देवी, बबिता कुमारी, बबिता कुमारी चौधरी, छोरी: गीता देवी, ज्वाइँ: राजेश कुमार महतो र नातिनातिनीहरू: अमन, खुश्बु, अनामिका, सगुन, रितिका, नेहाल, कृतिका, नैसीसहित समस्त महतो परिवारजन, जनकपुरधाम उपमहानगरपालिका–१४, रजौलबाट हाम्रा पिता स्व. योगेन्द्र महतोप्रति श्रद्धा प्रकट गर्नुभएका सम्पूर्ण शुभेच्छुकहरूप्रति कृतज्ञता व्यक्त गर्दै उहाँको आत्माले परम शान्ति पाओस् भन्ने कामना गर्दछौं ।

शोकसन्तप्त
**समस्त महतो परिवार**
जनकपुरधाम उपमहानगरपालिका–१४, रजौल
मिति: २०७९/०३/२४ (१३औं दिनको अवसरमा)


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन